साप्ताहिक
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका

वर्ष ४५ अंक १४ २०८३ कात्तिक १७ गते मंगलबार (Nov. 3, 2026) मूल्य रू. १०/-

देउवालाई सभापति बन्नैपर्ने चस्का



गगन पक्षले कांग्रेसको १५औं महाधिवेशन सम्पन्न गरिसके पनि त्यसलाई अमान्य भएको देउवा गुटले मंसिर २१ गते छुट्टै १५औं महाधिवेशन गर्ने तैयारीमा जुटेको छ। यो महाधिवेशनको उद्घाटन शेरबहादुर देउवा आफैले गर्ने भएका छन्। समानान्तर महाधिवेशनले कमजोर कांग्रेसलाई अझ कमजोर पार्ने निश्चित छ। यसको नतिजा चैतमा हुने निर्वाचनमा देखिनेछ।

यही विचार गरेर गगन समूहले कांग्रेसलाई एक बनाउने निकासको प्रयास अझै पनि जारी राखेको छ।

अदालतमा नैतिकताको भूकम्प



पहिलो : संविधान र कानुनको गंभीर उल्लंघन गरेमा, दोस्रो : कार्यक्षमताको अभाव वा खराब आचरण भएमा, तेस्रो : इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालन नगरेमा र चौथो आचार संहिताको उल्लंघन गरमा महाभियोग लगाउन सकिन्छ।

रास्वपाले प्रश्न उठेका न्यायाधीशउपर महाभियोगको प्रक्रियामा अगाडि बढाउन सुझाव दिएका छन्। २० वर्षे युवक इनम सापकोटाको मोबाइल तथा विद्युतीय उपकरणबाट प्रधानन्यायाधीश, न्यायाधीशहरू तथा प्रहरीका उच्च अधिकारीहरूसँगको संवाद र कारोबारका विवरणहरू छताछुल्ल भएपछि लोकतान्त्रिक गणतन्त्र सेटिङमा चल्ने गरेको प्रमाणित नै भएको छ। इनमसँग सात जना न्यायाधीशले सामूहिक भेटेको र मोबाइल डाटाले थुप्रैलाई दोषी देखाउनु भ्रष्टाचारको महाभारत नै हो।

रास्वपाभित्र र बालेन सरकार संविधानको धारा १०१ को उपधारा २ मा सर्वोच्च अदालतका प्रधानन्यायाधीश वा न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीका विरुद्ध महाभियोग लगाउने विषयमा गम्भीर छलफल भइरहेको छ। यो प्रकरणले पुराना ठूला दल र ती दलका नेताहरू सन्निपात लागेजसरी मौनव्रत बसेका छन्। जो बालेनको विरोध गरिरहेका थिए, तिनीहरूको मुखबुजो इनमको मोबाइलले लगाइदिएको छ।

'..प्रतिनिधि सभामा तत्काल कायम रहेको सदस्य संख्याको एक चौथाइले महाभियोगको प्रस्ताव पेश गर्न सक्ने व्यवस्था छ। झण्डै २ तिहाई सदस्य रास्वपाको भएकाले प्रम बालेन साहले गर्ने निर्णयले राजनीतिमा ठूलै भुइँचालो जाने निश्चित छ। अहिले नै राजनीति तरंङ्गित भइरहेको देखिन्छ। रास्वपा प्रवक्ता जगदीश खरेलका अनुसार संसदमा प्रक्रिया अघि बढाउनुपर्ने निष्कर्ष निकालिएको छ। संविधान संशोधनमा राष्ट्रियसभाको सहमति चाहिने भनेर सर्वोच्चले रोक लगाए पनि अब समष्टि संरचनाको शुद्धीकरण सरकारको हातमा पुगेको छ।

प्रधानन्यायाधीश मनोज शर्मा, न्यायाधीश हरि फुयालमात्र होइन, विचौलिया इनम सापकोटालाई भेट गर्न जाने ७ जना न्यायाधीश नैतिक रूपमा दोषी हुनपुगेका छन्। इनमले आफ्नो पहुँच प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रधानसेनापति तथा प्रहरी महानिरीक्षकसम्म भएको बताएको न्यायाधीश फुयालको दावी छ। प्रधानन्यायाधीश शर्माले भने इनमसँग चिनजान नभएको वक्तव्य निकालेका छन्।

पानीमाथिको ओभानो हुन वक्तव्यको बाढी नै आएको छ। अब हेर्नुछ, सरकारले गर्ने निर्णय शुद्धीकरणको बम ब्लास्टभन्दा कम हुनेछैन। यसैबीच न्यायाधीशमा सिफारिस भएका जनक पाण्डेकी श्रीमती भ्रष्टाचारमा मुछिएको देखिएको छ।

प्रधानमन्त्री अब एक्शनमा उत्रिए

Balen Shah
30m ·

सही समय आएपछी,
सबैको गलत समय आउछ,
एकदुई जना उम्किन्छु भनेर सपना नदेखे हुन्छ !

प्रम बालेन साहले सामाजिक सञ्जालमा स्टाटस लेखे- 'उम्किन्छु भनेर सपना नदेख्नू।' उनल स्टाटसमा लेखेका छन्- सही समय आएपछि, सबैको गलत समय आउँछ, एकदुई जना उम्किन्छु भनेर सपना नदेखे हुन्छ। प्रम बालेन साहको यो साङ्केतिक चेतावनीले सुरक्षा र न्यायक्षेत्रमात्र होइन, राजनीतिक वृत्तमा समेत तहल्का मच्चाएको छ। सबैले जिज्ञासा छ- प्रधानमन्त्री एक्शनमा उत्रिए, उनले कस्तो निर्णय लिनेहुन्।

प्रम बालेन साहको स्टाटसले केही पनि स्पष्ट पार्दैन। कसप्रति लक्षित गरेर आएको हो यो स्टाटस खुलेको छैन, सबैतिर उत्सुकता बढी छ। स्वयं प्रम बालेन साहका प्रमुख राजनीतिक सल्लाहकार कुमार बेनले समेत यो स्टाटसका विषयमा प्रश्न थपेका छन्- सही समय भनेको कहिले हो, शनिवार, आइतवार हो ?

गाँजाखेतीको नियमबनाउन परमादेश



गाँजाको औषधीय, वैज्ञानिक तथा औद्योगिक प्रयोजनका लागि उत्पादन नियमन गर्ने नियम तीन महिनाभित्र बनाउन सर्वोच्च अदालतले सरकारका नाममा परमादेश जारी गरेको छ। सर्वोच्चले लागू औषध (नियन्त्रण) ऐन, २०३३ मा गाँजामाथि प्रतिबन्ध लगाइए पनि औषधीय, वैज्ञानिक तथा औद्योगिक प्रयोजनका लागि यसको नियन्त्रित खेती र उत्पादन गर्न सकिने कानुनी आधार रहेको व्याख्या गरेको छ। नेपालमा गाँजाखेतीको प्रचूर सम्भावना रहेको छ।

संसद पदको दुरूपयोगको छानबिन कहिले ?

दोस्रो संविधानसभामा एमालेलाई ७ करोड चन्दा दिएर मधेशी कोटाबाट सभासद बनेकी राज्यलक्ष्मी गोल्छालाई रास्वपाले नै मधेशी कोटाबाट पहिलो चरणको सूचीमा समावेश गरेको थियो। २०७४ सालमा राजपाले चन्दा चौधरी, महन्थ ठाकुरकी सम्धिनी इन्द्रा झाको नाम राखेको थियो। यसैगरी नेता शरदसिंह भण्डारीकी नजिककी निर्जला राउत, नरमाया ढकालको नाम पनि राखिएको थियो। राजपाका नेता अनिलकुमार झाले पत्नी डिम्पल झा र राजकिसोर यादवले सरिता यादवको नाम निर्वाचन आयोगमा बुझाउन लगाएका थिए। यसअघिको संसदमा राजेन्द्र महतोकी श्रीमती शैलदेवी महतोलाई पनि सांसद बनाइयो। बहुदलकालमा सुजाता कोइरालाले गरेको पासपोर्ट काण्ड, राता पासपोर्ट काण्डमा संविधानसभाका सदस्यहरू नै संलग्न भएका घटना पनि छन्। यी सबै प्रकरणले नेपालको दुर्नाम गराएकै हुन्। यी काण्डहरूको छानविन किन नगर्ने ?

यी दुईमा छ–सम्बन्धको साँचो



भारतले नेपालका लागि नयाँ राजदूतमा सुधाकर दलेलालाई नियुक्ती गरेको छ। नेपालले भारतका लागि नयाँ राजदूतमा निश्चलनाथ पाण्डेलाई नियुक्त गरिसकेको छ। दुबै राजदूतको एशियमो आउने र जाने प्रतिक्षा रहेको छ। छिट्टै दुबै देशका नयाँ राजदूतले पदभार ग्रहण गरेपछि नेपाल-भारतबीचको सम्बन्धले नयाँ खालको यू टर्न लिने विश्वास केही कूटनीतिज्ञहरूले गरेका छन्।

कारण, निश्चल नाथ पाण्डे पूर्वपरराष्ट्रमन्त्री रमेशनाथ पाण्डेका पुत्र र परराष्ट्रविदका रूपमा पनि चिनिन्छन्। हुन त रमेश नाथ पाण्डेले राजा ज्ञानेन्द्रलाई बंगलादेशमा भएको सार्क सम्मेलनमा चीनको पक्षमा बकालत गर्न लगाएर भारतलाई चिढाएको र त्यसपछि राजाको पक्षबाट ओझेल भएका थिए। यी सबै ज्ञान भएका र आधुनिक अर्थराजनीति र भूराजनीतिको सुक्ष्म ज्ञान राख्ने निश्चलनाथ पाण्डेले रास्वपा सरकारको नीति बुझेर नेपाल भारतबीचका समस्या सुल्झाउन र सम्बन्धलाई सामान्यीकरण गर्नसक्ने ल्याकत राख्ने मानिन्छ।

नेपालका लागि भारतीय राजदूत दलेल अर्थविद पनि हुन्। कुशल कूटनीतिक अनुभवी रहेका छन्। इजरायलदेखि ब्राजिलिया, शिकागो, ढाका, जेनेभा, भिम्प् र वासिङ्टन डीसीस्थित भारतीय नियोगहरूमा महत्वपूर्ण जिम्मेवारी सम्हालिसकेका दलेला भारतका ह्विमेकी मुलुक र नेपाल मामिलाका जानकार मानिन्छन्।

नेपाल र भारत दुवैतिर सम्बन्धलाई सुदृढ कसरी बनाउन सकिन्छ भन्ने सकारात्मक सोच भएका राजदूत नियुक्त भएकाले धेरै आशा राखिएको छ।

नेपाल-भारत बीचको कूटनीतिक सम्बन्धलाई रिसेट गर्ने कि रणनीतिक रूपमा पुनर्विचार गरेर सहजीकरण गर्दै सम्बन्धलाई विशिष्टिकरणका रूपमा स्थापित गर्ने भन्ने बहस चलेको छ।

खासगरी नतिजामुखी भ्रमण भए भारत भ्रमणमा जान्छु भन्ने प्रम बालेन साहको चट्टानी अडानले छिटै परिणाम दिने भएको छ। प्रम बालेन साह भारत जाने होमवर्क सुरू भइसकेको छ। केही दिन अघि अर्थमन्त्री दिल्लीमा भएका एनडीटीभीको एक कार्यक्रममा सहभागी हुँदा पनि प्रम बालेनको भारत भ्रमणको तैयारीको खुलासा गरेका थिए।

नेपाल भारत र चीनबीच रहेकाले भूराजनीतिक बहस भारत चीन केन्द्रित छन्। बालेन सरकारको नीति पनि छिमेकी प्राथमिकतामै रहेका छन्। तर अमेरिका, युरोप र रूसको समेत नेपालमा चाख र चासो बढेकाले भूराजनीतिको भूमरीको क्षेत्र नेपाल बनेको छ। भारत र चीनसँगको सम्बन्ध अपरिहार्य सम्बन्ध हो। १८८० किलोमिटर खुला सीमा भएकाले भारतसँगको सम्बन्ध टुटाउन सकिन्न। चीनसँगको सम्बन्ध पनि अनिवार्य सम्बन्ध हो। दुबै मुलुक रणनीतिक साझेदार मुलुक हुन्।

नेपालको परराष्ट्रनीति सुरक्षा, भूराजनीति, साझेदारी अनेक दृष्टिबाट संवेदनशील रहेका छन्। द्विपक्षीय सम्बन्ध, अन्य साझेदार विश्वसँगको सम्बन्ध, नेपाल-भारत-चीनबीचको त्रीपक्षीय सम्बन्ध, सार्क-बिमिस्टेक-बिआरआई र एमसीसी, विश्वमञ्चमा नेपालको उपस्थिति र हैसियत सबैतिर नेपालले फुकी फुकी कदम चाल्नुपर्नेछ।

नेपाल पटक पटक विपदमा पर्ने गरेको छ। यसकारण विपद् व्यवस्थापनका विश्व निकायहरूसँग पनि नेपाल निकट हुनैपर्नेछ। जनतापृति जवाफदेही, विश्वसमुदायसँग स्पष्ट सम्बन्धका आधार, आन्तरिक रूपमा राजनीतिक स्थिरता, आर्थिक सुरक्षा र ऊर्जा सुरक्षामा पनि ध्यान दिनैपर्ने अवस्था छ। नेपालको भारत र चीनसँग सुरक्षा, सीमा र व्यापार व्यवस्थापनमा विशेष ध्यान दिनुपर्नेछ। नेपालको भारत र चीनबीच कार्यरत प्रभावहीन अनेक संयन्त्र छन्। जसले समस्या पहिचान र सामान्यीकरणमा जटिलता उत्पन्न गराएका छन्। अब नेपालले छिमेक सम्बन्धलाई दिगो र दूरगामी कूटनीतिमा रूपान्तरण गर्नुपर्छ। छिटो छिटो सरकार परिवर्तन हुँदा सम्बन्ध र नीतिमा प्रभाव नपर्ने नीति आवश्यक छ। कूटनीतिक तनाव न्यून हुनुपर्छ र भूराजनीतिको तहमा प्रतिरोध नहुने स्थितिको सिर्जना गर्नुपर्छ। जसले देशको स्थायित्व कायम हुन्छ। नेपाल असफल हुने विन्दुमा पुग्यो भन्ने भाष्य सुनिन्छ, यसको कारण नीतिको तरलताले हो।

जनअपेक्षा संवोधन हुनैपर्छ, स्पष्ट कूटनीतिले त्यो सम्भव छ। यतिबेला अवसर आएको छ। नेपालका प्रम बालेन साहले भारत र चीन तथा विश्वमञ्चमा नेपालले स्पष्ट रूपमा प्रस्तुत गर्नैपर्छ। जति पनि समस्याहरू छन्, उपल्लो तहबाट समाधान निकालिनुपर्छ। समस्या वल्झाउनाले क्रोनिक भएको छ। नेपाल दिल्ली र बेइजिङ केही घण्टामा पहुँच राख्छ। यो अवसरलाई विद्यमान मुद्दाहरूको छिनोफानो गरेर सम्बन्धलाई विशिष्टिकरण र सरलीकरण गर्न सकिन्छ।

नेपालको यथार्थ छिमेक र विश्वलाई अवगत गराउनुपर्छ। सुरक्षाका सम्बन्धमा नेपालले छिमेक र विश्वसँग सहकार्य गर्नुपर्छ,र खासगरी आतंकवादलाई परास्त गर्न सकूयता देखाउनुपर्छ। सुरक्षाको सन्तुलित नीति नेपालको प्राथमिकतामा पर्नुपर्छ। नेपालको दुबै छिमेकसँगको सम्बन्धको ऐतिहासिक महत्व रहेको छ।

नेपालको छिमेक सम्बन्ध सीमाको व्यवस्थापनमा बढी निर्भर रहेको छ। स्थिर सरकार रहेकाले सुरक्षा ढाँचा र समस्या समाधानमा डाइनामिजमको नीति अख्तियार गर्नु उचित हुनेछ। स्थिर सरकार भएकाले आन्तरिक र बाह्य दुबैतिर जिम्मेवारी र जवाफदेहिताको स्पष्टतामा नेपालको हित निहित रहनसक्छ। व्यवस्था गर्न देशको आन्तरिक सुरक्षा संरचनाको पुनरावलोकन गरिनुपर्छ।

प्रम बालेन स्पष्ट छन्, उनले स्थापित गर्ने सम्बन्धका आधारहरू पनि पारदर्शी र न्यायसंगत हुनुपर्ने देखिन्छ। यसकारण नेपालका छिमेक र विश्वसम्बन्धलाई रिसेटभन्दा पनि पुनर्पपरिभाषित गरी सहज पारेर जेनजी सरकारले छिमेक र विश्वलाई लेनदेनभन्दा माथि उठेर सम्बन्धलाई पारस्परिक लाभमा आधारित बनाउनु पर्नेछ। प्रम बालेनको विदेश भ्रमण यिनै महत्वहरूलाई केन्द्रमा राखेर हुनसके नेपालको शान्ति, प्रगति र सुरक्षाका लागि कोशेढुङ्गा साबित हुनसक्छ।

ओली र राणाले हिन्दुराष्ट्र र राजतन्त्र ल्याउने





नयाँ मुसलमानले प्याज धेरै खान्छ भनेझैं कमल थापा, राजेन्द्र लिङ्देन, ६ दर्जनभन्दा बढी हिन्दुवादी र राजतन्त्रवादी संस्थाहरूले राजतन्त्र र हिन्दुराष्ट्र फर्काउँछौं भनेको १९ वर्ष भइसक्यो, कसैले लछारपाटो लगाउन सकेनन्। बीचमा केशरबहादुर विष्ट, लीलाराज विष्ट, दुर्गा प्रसाईको भीड पनि बेला बेलामा हिन्दुराष्ट्र र राजतन्त्र फर्काउने अभियान चलाउन पुगेका थिए, सबै थाके। केही समय व्यूँझने र लामो समय निदाउने राजतन्त्र र हिन्दुवादीहरूको आन्दोलन, अभियान पानीको वर्षातको भेलजसरी उर्लिने र सुक्ने गरेका धेरै देखियो।

अब राप्रपाकी सांसद खुस्बु ओली र राप्रपाबाट फुटेर पार्टी खोल्न पुगेका ध्वलशमशेरजबराले हिन्दुराष्ट्र र राजतन्त्र पुनर्स्थापना गराउने बिडा उठाएका छन्। उनीहरूको फुईंकीको ओजन कति हो, छिटै देखिनेछ।

राप्रपाकी सांसद खुस्बु ओलीको घोषणा छ- छठपछि हिन्दू सनातनहरूको सुदर्शन चक्र, महादेवको त्रिशूल, र देवीको भाला लिएर हामी सनातनीहरू सडकमा आउनेछौं। हिन्दुराष्ट्र र राजतन्त्र पुनर्स्थापना गराउँछौं।

जय नेपाल पार्टी खोलेका पार्टीका सभापति ध्वलशमशेर जबराले घोषणा गरेका छन्- राजसंस्था र हिन्दुराष्ट्र स्थापना हुन्छ। स्थापना गराएरै छाड्छौं।

अहिले सम्म खुस्बु ओली र ध्वलशमशेरको धमासको रहस्य खुलेको छैन। स्वयं राप्रपा अध्यक्ष राजेन्द्र लिंगदेन कहाँ छन्, के गर्दैछन्, अत्तोपत्तो छैन। एकमात्र निर्वाचित सांसद ज्ञानेन्द्र शाही पनि यतिबेला सेलाउन पुगेका छन्। फेरि खुस्बु ओलीले कृष्णको सुदर्शन चक्र, महादेवको त्रिशूल र देवीको भाला एकाएक कसरी कहाँबाट ल्याउने हुन् ? झट्टहेर्दा यो आक्रोशको लागि आक्रोशमात्र हो भन्ने ठम्याइ धेरैको छ। किनकि आज कार्तिक १७ गते गइसक्यो, १२ दिनपछि अर्थात २९ गते छठ पर्व हो, १२ दिनमै खुस्बु ओलीले कुन चमत्कार गरेर १९ वर्षमा हुन नसकेको राजतन्त्र र हिन्दुराष्ट्र पुनर्स्थापना गराउन सक्छिन्, कसैले पत्याएका छैनन्, त्यसप्रकारको आन्दोलनको कुनै गुञ्जाइस देखिदैन। जय नेपाल पार्टीका ध्वल शमशेरले पनि राजतन्त्र र हिन्दुराष्ट्र पुनर्स्थापना गराउन आन्दोलन गर्ने भनेका छन्। निश्चित रूपमा भ्रष्टाचार र सेटिङले गनाएको लोकतान्त्रिक गणतन्त्र फालिनुपर्छ भन्ने आमजनताको इच्छा हो। तर त्यसका लागि जबरजस्त आन्दोलन हुनुपर्छ। आन्दोलन गर्ने अगुवाको अहिलेसम्म नामोनिशान छैन। समय समयमा जो अगुवा बनेका थिए, तिनीहरू सफल हुनसकेनन्। खुस्बु ओली र ध्वलशमशेरको नयाँ संस्करणका राजतन्त्र र हिन्दुवादी नेताको नेतृत्वमा जनताले विश्वास गरिहाल्ने सम्भावना न्यून रहेको विश्लेषण भइरहेको छ।

दशैं, तिहार र छठपछि बालेन सरकारविरूद्ध सडकमा आगो बाल्ने उद्घोष गरेका नेकपा, एमालेजस्ता पार्टी त प्रम बालेन साहको भ्रष्टाचारविरोधी अभियानका कारणले हच्किन पुगेका छन्। जागरण अभियान चलाएका ती नेताहरूलाई जनताले नै पोखरावाट लखेट्ने क्रम पनि सुरू गरेका छन्। वरू प्रम बालेन साह र रास्वपालाई विश्वासमा लिएर देशमा अभिभावकीय दायित्व निर्वाहका लागि वातावरण बनाउन सके त्यो संवाद र सहमति निर्णायक हुनसक्ने देखिन्छ। संसदमा ससाना कुरामा प्रम बालेन साहको तीव्र आलोचना गर्ने खुस्बु ओली र सडकमा चिच्याउने ध्वल शमशेरले कुन शक्तिले परिवर्तन ल्याउने सपना देखेका हुन् भन्ने धेरैको आश्चर्य छ।

स्वयम् पूर्वराजाले पनि अब अस्थिर खालका राजतन्त्र र हिन्दुवादीहरूलाई पत्याउन छाडेको देखिन्छ। जनताले खोजेको वेलामा म यहीं छु भन्ने पूर्वराजाले आफूलाई नागरिकको हैसियतमा सम्मानित राखेको स्थिति छ।

हिन्दुधर्म, कल्की अवतार, मेरो आशा र निराशा



हिन्दू धर्मावलम्बीहरूको महान् ग्रन्थ श्रीमद्भागवत् महापुराणको द्वादश स्कन्धको पहिलो र दोस्रो अध्यायमा निम्न श्लोक सहित कलियुगबारे इतिवृत्तान्त लेखिएको भन्ने कुरा मैले धेरै अघिदेखि सुनेको र पढेको थिएँ । हिजोआज यो विषय अत्यन्त चर्चामा छ । हिन्दू दर्शनअनुसार आजभन्दा ३१२७ वर्षअघि कलियुग प्रारम्भ भएको भन्ने कुरा पनि हिजोआज त्यस्तै चर्चामा छ । त्यस्तै, वर्तमान समय कलियुगको अन्त्य र सत्ययुगको शुभारम्भको सन्ध्याकालमा रहेको भन्ने दावी गर्ने धेरै धार्मिक र आध्यात्मिक विद्वान् व्यक्तिहरू यत्रतत्र देखा परेका छन् ।

यस हिन्दू दर्शनअनुसार कलियुगमा सत्य, करूणा, नैतिकता, न्याय र धर्मको क्रमिक ह्रास हुँदैजान्छ । धन, शक्ति, स्वार्थ र आडम्बरले समाजमा प्रमुख स्थान ओगट्न थाल्छन् । जब अधर्म चरम सीमामा पुग्छ, तब भगवान् विष्णुको कल्कि अवतारद्वारा अधर्मको अन्त्य र धर्मको पुनःस्थापना हुने भनिन्छ । त्यसपछि पुरानो अधर्मपूर्ण व्यवस्थाको अन्त्य भई सत्य, धर्म, सदाचार र न्यायमा आधारित नयाँ युगको सुरूवात हुन्छ । अर्थात्, कलियुगको अन्त्य र सत्ययुगको सुरूवात हुन्छ ।

यस सन्दर्भमा श्रीमद्भागवत् ग्रन्थले मानव चरित्र र आध्यात्मिक चेतनामा आउने सामान्य ह्रासको वर्णनबाट आफ्नो विषयवस्तु सुरू गरेको देखिन्छ । यस ग्रन्थअनुसार सत्ययुग अर्थात् कल्कि अवतारको प्रादुर्भाव हुनुअघि पृथ्वीमा अर्थात् समाजमा निम्न किसिमको नराम्रो, खराब, अप्रिय, दुःखदायी नैतिक र सामाजिक अवस्था रहने देखिन्छ ।

१. समाजमा बेइमानी र असत्य बोल्ने प्रवृत्ति दिनप्रतिदिन बढ्दै जाने । धर्मपरायण समाजलाई टिकाइराख्ने गुणहरू अर्थात् धार्मिकता, सत्यनिष्ठा, शुद्धता, सहनशीलता, करूणा, आयु, शारीरिक बल र स्मरणशक्ति क्षीण हुँदै जाने र तिनको अभाव हुने । मानिसहरू एकअर्काप्रति बढी असहिष्णु हुने । मानिसहरूले सही र गलत छुट्याउने आफ्नो क्षमता गुमाउँदै जाने ।

२. कलियुगमा धनसम्पत्तिलाई नै व्यक्तिको कुलीनता, असल चरित्र र सद्गुणको प्रमुख प्रमाण मानिने । न्याय र कानुनको कार्यान्वयनसमेत क्रमशः व्यक्तिको शक्ति र प्रभावमा निर्भर हुने । मानिसहरूको मूल्याङ्कन उनीहरूको ज्ञान, इमानदारी, विवेक वा नैतिक चरित्रका आधारमा नभई आर्थिक अवस्थाका आधारमा गरिने । धनी व्यक्तिले बेइमानी गरे पनि सम्मान पाउने । इमानदार तर गरिब व्यक्तिलाई तुच्छ ठानिने । त्यसैगरी, शक्तिशाली व्यक्तिले अन्यायपूर्ण काम गरे पनि अनुकूल व्यवहार प्राप्त गर्न सक्ने, तर कमजोर व्यक्तिले न्याय पाउन सङ्घर्ष गर्नुपर्ने ।

३. सम्बन्धहरू स्वार्थद्वारा निर्देशित हुने । पुरूष र महिलाबीचका सम्बन्धहरू गहिरो प्रतिबद्धता र आत्मीयताभन्दा शारीरिक आकर्षणमा बढी आधारित हुँदै जाने । व्यापारमा सफलता प्राप्त गर्न छलकपटको सहारा लिनुपर्ने अवस्था आउने । देखावटी धार्मिक आचरण र प्रदर्शनलाई आध्यात्मिक वा बौद्धिक उपलब्धिको प्रमाण मानिने ।

४. व्यक्तिको आध्यात्मिक स्तरको मूल्याङ्कन वास्तविक आध्यात्मिक गुणका आधारमा नभई बाहिरी पहिरन र पोशाकका आधारमा गरिने । वास्तविक ज्ञान र विवेकको सट्टा वाक्चातुर्यलाई विद्वताको आधार मानिने ।

५. गरिबीलाई व्यक्तिगत असफलताको लक्षण मानिने, जबकि पाखण्ड र छलकपटलाई सफलता वा सद्गुणको मापदण्डका रूपमा लिइने । विवाहका लागि मौखिक सहमतिलाई मात्र पर्याप्त मानिने र दैनिक शुद्धिका आवश्यकताहरू पूरा गर्न स्नान गर्नु नै पर्याप्त ठानिने ।

६. भौतिक सुखसन्तुष्टि जीवनको प्रमुख उद्देश्य रहने । तीर्थस्थलहरूलाई केवल टाढा रहेका जलाशयका रूपमा मात्र महत्त्व दिइने । शारीरिक सौन्दर्यको मूल्याङ्कन केशविन्यास र बाहिरी रूपका आधारमा गरिने । पेट भर्नुलाई नै जीवनको प्रमुख उद्देश्य मानिने, निर्भीकतालाई सत्यनिष्ठा ठानिने र परिवार पाल्न सक्ने क्षमतालाई व्यक्तिको योग्यताको मापदण्ड मानिने । धार्मिक आचरण र व्यवहार साँचो आस्था र विश्वासका कारण नभई सामाजिक प्रतिष्ठा र नाम कमाउने उद्देश्यले पालना गर्ने प्रवृत्ति बढ्दै जाने ।

७. धार्मिकता र न्यायभन्दा धिचोमिचो गर्ने बलशाली व्यक्तिको हातमा राजनीतिक सत्ता रहने । नैतिक जिम्मेवारी वा विवेकभन्दा शक्तिले शासन गर्ने ।

८. शासकहरूले डाँकु र लुटेराले झैं शोषण गर्ने । उनीहरूले सामान्य चोर र लुटेराजस्तै व्यवहार गर्ने । उनीहरूले आफ्ना जनता अर्थात् प्रजाको सम्पत्ति हड्पे र उनीहरूको अधिकार हनन गर्ने । यस्तो परिस्थितिमा जनताले आफ्नो सुरक्षा खोज्दै भाग्नुपर्ने अवस्था आउने ।

९. जनताले खडेरी, अनिकाल र भारी करको बोझ सहनुपर्ने । कठिन परिस्थितिका कारण उनीहरू जरा, पात, फलफूल, फूल, बीउ तथा उपलब्ध अन्य खाद्यवस्तु खाएर जसोतसो जीवन धान्न बाध्य हुने ।

१०. जनताले अत्यधिक चिसो, हावा, गर्मी, वर्षा र हिमपातका साथै झ्याँकगडा, झोक, तिखाँ र रोगको सामना गर्नुपर्ने । उनीहरूको जीवन दुःखकष्ट र चिन्ताले भरिने ।

११. मानिसहरूले बढीमा पचास वर्षसम्म मात्र सन्तोषजनक पारिवारिक जीवनको सुख प्राप्त गर्न सक्ने । अर्थात्, मानव जीवन छोटो र कठिन हुने ।

यसमा वर्णित कुरा र नेपालमा विद्यमान हालको गएगुज्रेको अवस्था–शासन-प्रशासन, भ्रष्टाचार, कुशासन, अन्याय-अत्याचार, सहकारी लुटदेखि कामको लागि लाखौं जनताको विदेश पलायनसम्म–सबै कुराको तुलना गर्दा नेपालमा कलियुग चरम अवस्थामा रहेको र ९, १० र ११ मा उल्लेख गरिएका तीनवटा बुँदाको अवस्था मात्र देखापर्न बाँकी रहेको जस्तो भान हुन्छ । यस प्रसङ्गमा हाम्रो मुलुक कलियुग र सत्ययुगको सन्ध्याकालमा रहेको अवश्य होला भन्ने आशा मेरो मनमा पलायो । यस आशाअनुरूप केही समय अर्थात् केही महिना वा वर्ष अझै दुःखदायी स्थिति हुने विचार ममा रहे पनि अब चाँडै सत्ययुग सुरू हुने आशा पनि ममा पलायो । मैले सत्ययुग देख्न पाउने परिकल्पना गरें ।

यसै प्रसङ्गमा मैले हाल ध्यगत्यादभ मा देखापरेका ईश्वर, परमेश्वर, आत्मा, परमात्मा, कलियुग, सत्ययुग बारे स्वामी, सन्त, दिव्य आत्मा, ज्योतिष र गुरू भनाउँदाहरूका धेरै प्रस्तुति देखें र सुनें । यसमा मुख्यतः मित्र जीव गुरूजी (डिभाइन लाइट, मैत्री दादाश्री), डा. सहदेव दास प्रभुजी (इस्कन), डा. चिन्मय पाण्डे (गायत्री परिवार), स्वामी विवेकानन्दजी परिव्राजक (अध्यात्म यात्रा), आचार्य प्रमोद कृष्णम (श्री कल्किधाम), स्वामी डा. मनोज कुमार गुप्ता (सनातन ऋषि), पं. काशिनाथ मिश्र (भविष्यमालिका) आदि हुन् । यसमा विभिन्न भगवानसित साक्षात् भेटघाट भएको दावी गर्ने र सन् २०३२ मै सत्ययुग आरम्भ हुने निश्चित समय तोक्ने महारथीहरू पनि छन् । सबै ज्ञानगुनले सम्पन्न, धर्मशास्त्रका अध्येता, अन्वेषक, ज्ञाता र विद्वान् नै देखिन्छन् । तरश्रीमद्भागवतमा कलियुगको अन्त्य हुने र सत्ययुगको आरम्भ हुने मिति र तिथि भने मैले पाइनँ ।

यसै प्रसङ्गमा मैले भगवानको कल्कि अवतार आफैं घोषणा गर्ने, विश्वब्रह्माण्डको महाराज भएको दावी गर्ने र हाल चुरो कुरोमा बेलाबखत देखापर्ने अक्षय श्रीमहाराज भनिने, अनौठा-अनौठा कुरा गर्ने नेपाल निवासी स्वघोषित अवतार महाराज (चुरो कुरो) र स्वयं शिवजी बाबा गोरखनाथ यस धर्तीमा मानवरूपमा १९ वर्षअघि अवतरण भई युग परिवर्तनका लागि महाराज भएर कार्य गरिरहनुभएको तथा उहाँकै इच्छाअनुसार संसार चलिरहेको र चल्ने दावी गर्ने गोरखनाथ कल्याण केन्द्र, नेपालका अध्यक्ष अर्जुनप्रसाद रेग्मी (हिमाल अनलाइन) को अनौठो, अकल्पित, अविश्वसनीय प्रस्तुति पनि सुनें ।

यस सम्बन्धमा हाम्रो मुलुकमा अवकाश प्राप्त पूर्वजनैलालाई जसाहेब, पूर्वसुब्बालाई सुब्बासाहेब र पूर्वजनरललाई जसाहेब भन्ने चलन भए पनि पूर्वराजा ज्ञानेन्द्रलाई राजा भन्न नहुने धारणा राखी ज्ञानेन्द्रजी सम्म पनि नभनी ज्ञानेन्द्र, ज्ञानेन्द्र भन्ने क्रान्तिकारीहरूबाट यी माथि उल्लिखित स्वघोषित महाराजहरूबारे कतै विरोध भएको भने देखिँएको छैन ।क्रान्तिहरूमा देखिएको यो नयाँ संस्कारलाई राम्रै भन्नुपर्दछ ।

श्रीमद्भागवतमा चित्रित कलियुगको स्थिति र अवस्थासँग ह्राम्रो मुलुकमा मात्र होइन, छिमेकी मुलुकहरू तथा युरोप र अमेरिकाका अन्य कतिपय मुलुकहरूमा पनि देखिएका अवस्थाहरू तुलना गर्दा कलियुगको अन्त्य र सत्ययुगको आगमन चाँडै हुने म आशा गर्छु । तर, भगवानसित साक्षात् भेटघाट र दर्शन भएको, संसार सञ्चालनसम्बन्धी भगवानको नीति, योजना र कार्यान्वयन दस्तावेज प्रस्तुत गर्ने आफू वक्ता भएको तथा आफू कल्कि अवतार भएको समेत दावी गर्ने विभिन्न धरीका विरोधाभासपूर्ण स्वघोषित पात्रहरू देख्दा कल्कि अवतार वा सत्ययुगको आगमनको कुरा झुट्टा, कल्पित, मनगढन्ते,एकादेशको कहानी मात्र हो कि जस्तो पनि मलाई लाग्दछ । यसले सत्ययुग देख्ने मेरो आशामा तुषारापात हुन्छ । आशामाथि बादल लाग्छ । म निराश हुन्छु ।

तर, हामीमध्ये सत्य, न्याय र धर्मपरायणतामा विश्वास गर्ने मानिसहरूले यी मूल्य-मान्यताहरूको पुनःस्थापना गर्न कुनै दैवी अवतारको प्रतीक्षा गर्नुको साथै यी मूल्य-मान्यताहरू स्थापित गर्न हामी सबै तन, मन र दिलोज्यानले इमानदारीपूर्वक लाग्न सके चाँडै नै हामीले सत्ययुग देख्न र अनुभव गर्न सक्नेछौं जस्तो पनि मलाई लाग्दछ । यसबाट भगवान् परमेश्वर हामीसित अवश्य पनि प्रसन्न हुनुहुनेछ । यतातिर ध्यान दिन भगवानले सबैलाई सद्बुद्धि दिऊन् भन्ने कामना गर्दछु ।

narayanshanti70@gmal .com

लेखक परिचयः नेपाली र अङ्ग्रेजी भाषाका केही पुस्तक तथा धेरै लेखहरूका एक गैर-दलीय लेखक, त्रिभुवन विश्वविद्यालय सेवा आयोग कार्यालयका पूर्व प्रमुख, तथा मध्य-असी दशक पार गरेका एक ज्येष्ठ नागरिक ।

सम्भलग्राममुख्यस्य ब्राह्मणस्य महात्मनः ।
भवने विष्णुयशसः कल्किः प्रादुर्भविष्यति ॥
"सम्भल नामक गाउँका प्रमुख तथा श्रेष्ठ ब्राह्मण महात्मन् विष्णुयशाका घरमा भगवान् कल्कि प्रकट हुनुहुनेछ।"

अथासौ युगसन्ध्यायां दस्युप्रायेषु राजसु ।
जनिता विष्णुयशसो नाम्ना कल्किर्जगत्पतिः ॥ २५ ॥
"त्यसपछि जब कलियुगको अन्त्य र सत्ययुगको सन्ध्यामा राजाहरू प्रायः लुटेरा जस्ता हुनेछन्, तब जगत्पति भगवान् विष्णुयशाका पुत्रका रूपमा 'कल्कि' नामले जन्मनुहुनेछ।"

धर्मप्रचारमा १० विदेशी पक्राउ

इसाई धर्म प्रचार गरेको आरोपमा पाँच अमेरिकीसहित १० विदेशी पक्राउ परेका छन् । मोरङको कानेपोखरी गाउँपालिका-७, बरगाछीमा आवश्यक अनुमति नलिई स्वास्थ्य शिविर सञ्चालन गरेको र उपचारका नाममा इसाई धर्म प्रचार गरेको पाइएकोले यही आरोपमा १० जना विदेशी नागरिकको राहदानी जफत गरी आवश्यक कारवाहीका लागि अध्यागमन विभाग पठाइएको छ ।

यो संस्था 'मर्सी डेभलपमेन्ट' नामको हो । पर्यटक भिसामा नेपाल आएका विदेशी चिकित्सकसहितको टोलीले स्वास्थ्य शिविर भनेर धर्म प्रचार गरेका थिए ।

शिविरको तयारी र सञ्चालक पास्टर पावेल दङ्गल रहेका थिए । स्थानीयस्तरमा अस्पताल निर्माण गर्ने भनेर पास्टर बाङ्देलले क्रिश्चियन धार्मिक कक्षा यही ठाउँमा सञ्चालन गर्दै आएका थिए । तीन कट्ठा जग्गामा छवटा साना-ठूला भवन बनाएका थिए । ती भवन हाल धार्मिक प्रचार र धर्म परिवर्तनमा प्रयोग हुँदै आएको छ ।

सिंगा तातोपानी कुण्डमा बढ्यो घुइँचो



म्याग्दीको सिंगा-तातोपानी कुण्डमा प्राकृतिक उपचार गराउनेको घुइँचो बढ्दै गएको छ । तातोपानीमा डुब्नाले ढाड दुख्ने समस्याभएका देशैभरिका महिला पुरूष यही कुण्डमा नुहाएर प्राकृतिक उपचार लिने गरेका छन् । धेरैले भनेका छन्- १५ दिनसम्म तातोपानीमा डुबेपछि स्वास्थ्यमा राम्रो सुधार आएको छ । ढाड, कम्मर दुख्न छाडेको छ । खासगरी विदाका समयमा घुइँचो बढ्ने गरेको छ ।

अनुभवीहरूका अनुसार घरमा बाथटब बनाएर तातोपानीमा डुब्नु र यहाँ प्राकृतिक रूपमा निस्किएको तातोपानीमा शरीर डुबाउनुमा धेरै फरक छ । दैनिक अस्पताल धाउने, औषधि किन्नुभन्दा यहाँ स्नान गर्दा छुट्टै ताजगी आउने गर्छ । स्नान गर्न आउनेहरू दैनिक ५ सयदेखि हजारजनासम्मको भीड लाग्न थालेको छ । कुण्ड व्यवस्थापन समितिले बिहान ५:३० देखि साँझ ५:३० बजेसम्म महिला र पुरूषका लागि छुट्टाछुट्टै समूह बनाएर स्नानको व्यवस्था मिलाइएको छ । यो कुण्डमा सात दिन स्नान गर्न प्रतिव्यक्ति ३५० र नौ दिनका लागि ५०० शुल्क लाग्छ । प्रवेश शुल्कबाट उठेको रकमको १३ प्रतिशत सरकारलाई कर र २५ प्रतिशत बेनी नगरपालिकालाई बुझाउने गरिएको व्यवस्थापन समितिले जनाएको छ ।

बंगलादेशका राजदूत हिन्दु मन्दिरमा



नेपालका लागि बंगलादेशी राजदूत मोहम्मद शफिकुर रहमान दुर्गापूजामा सहभागी भएका छन् । बंगलादेशका राजदूतद्वारा गोरखाको मनकामना र काली मन्दिरको भ्रमण गरेर दशैंको शुभकामना आदानप्रदान गर्नु सद्भावको नमूना भएको छ । महामहिम राजदूतले काठमाडौंमा दुर्गापूजामा पनि सहभागी भएर नेपालको सांस्कृतिक र धार्मिक सम्पदाबारे जानकारी लिए, सौहाद्रता देखाए, धार्मिक सद्भाव, सहअस्तित्व, एकता र आपसी भाइचाराको भावना सन्देश दिए, दशैंका उत्सवमा सहभागी हुनु आफ्ना लागि सुखद र ज्ञानवर्द्धक भएको अनुभव पनि सुनाए ।

प्रचण्ड र केपी ओलीका ती दिन



नेपाली राजनीतिको वर्णपटमा प्रचण्ड र केपी ओलीले गर्नु लीला गरेका थिए । एउटै जहाजका दुई पाइलटमात्र बनेनन्, मर्दा सँगै मनैसम्मका बाचा गरेर पनि नेपाली राजनीतिलाई हास्यरसको घूलन गराएका थिए । जब जेनजी पुस्ताले आन्दोलन र आन्दोलनलाई विद्रोह बनाइदिए, त्यतिबेला प्रधानमन्त्री थिए केपी ओली, जो सेनाको हेलिकोप्टर चढेर भाग्नुपर्ने स्थिति देखियो । प्रचण्ड सडकमा थिए, प्रभावशाली नै थिए तर उनी फेरि भूमिगत भएर महिनौं सार्वजनिक हुनसकेनन् ।

यी दुई नेताको केमेस्ट्री गजबकै छ । प्रचण्डलाई पटक पटक मूर्छा पार्ने कुनै नेता थिए भने ओली थिए । यी दुवै नेताले कांग्रेसलाई त पछुवा नै बनाएर सत्ताको रस चुस्नुसम्म चुसे । एमालेले कांग्रेसलाई मिलाएको अन्तिम सरकारका समयमा प्रचण्ड ओलीबाट टाढा पुगिसकेका थिए । यी दुईमा झगडा चर्किएको थियो ।

जेनजीको लाठो खाएपछि यी दुईलाई निकट ल्याइदिएको छ । हातको सत्ता गयो, राजनीतिक साख गुम्यो । राजनीतिको मूलधारमा जेनजी पुस्ता पुग्यो । यसपछि यी दुईले मिलेर आन्दोलन गर्ने सोचेका छन् । तिहारको लगत्तै सडक तताउने र जेनजी पुस्ताको सरकारलाई ढाल्ने रणनीति यिनको छ । भन्नेहरू यो कुरा सपना टान्छन् ।



सुवर्ण तुलसी काव्य पुरस्कार



-जयराम बिडारी

कार्तिक ८, काठमाडौं । 'कविडाँडा सुवर्ण-तुलसी काव्य पुरस्कार' बाट साहित्यकार पद्मावती सिंह पुरस्कृत गरिएको छ ।

कवि तथा गीतकार सरला श्रेष्ठद्वारा आफ्ना मातापिता सुवर्णजङ्ग श्रेष्ठ र तुलसीदेवी श्रेष्ठको नाममा स्थापित 'कविडाँडा सुवर्ण-तुलसी काव्य पुरस्कार २०८२' एक भव्य समारोहका बिच वरिष्ठ स्रष्टा पद्मावती सिंहलाई अर्पण गरिएको हो ।

ललितपुरस्थित होटल साङ्गिला ब्लुमा आयोजित उक्त विशेष कार्यक्रम कवि तथा कथाकार एल.बी. क्षेत्रीको अध्यक्षता एवम् मदन पुरस्कार विजेता प्रख्यात कवि गोपाल पराजुलीको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो ।

कार्यक्रमको औपचारिक उद्घाटन प्रमुख अतिथि पराजुलीद्वारा पानसमा दीप प्रज्वलन गरि औपचारिक समुद्घाटन गरेका थिए ।

समारोहमा सङ्गीतकार राजु सिंहले स्वागत मन्तव्य व्यक्त गरेका थिए, भने डा. सृजना शर्माद्वारा पुरस्कृत व्यक्तित्व पद्मावती सिंहका साहित्यिक, साङ्गीतिक, पाटोहरूलाई प्रभावकारी रूपमा प्रस्तुत गर्दै उनका साहित्यिक एवं कृतित्वमाथि प्रभावकारी रूपमा प्रकाश पारेकी थिइन् । सो अवसरमा वरिष्ठ सञ्चारकर्मी प्रकाश सायमी, साहित्यकार मातृका पोखरेल र भागिरथी श्रेष्ठ लगायतका विशिष्ट व्यक्तित्वहरूले शुभकामना व्यक्त गर्दै सम्मानित स्रष्टा सिंहको सक्रिय र सार्थक लेखनको कामना गरेका थिए ।

पुरस्कृत व्यक्तित्व पद्मावती सिंह २००४ सालमा काठमाडौंको ओमबहालमा जन्मिनुभएकी हुन् । 'पत्थरका देवता' कथा मार्फत सिंहको साहित्यिक क्षेत्रमा प्रवेश भएको पाइन्छ । लेखन, गायन तथा साहित्यिका विविध विधामा दशकौंदेखि निरन्तर सक्रिय रहँदै आउनुभएकी सिंहलाई सम्मान गर्न पाउँदा संस्थाले गौरव महसुस गरेको कार्यक्रममा जनाइएको थियो ।

कार्यक्रमको अर्को मुख्य आकर्षणका रूपमा स्रष्टा सरला श्रेष्ठको शब्द तथा पद्मावती सिंहको स्वर, कृष्णदेव रूपाखेतीद्वारा निर्देशित, हरीश कल्पित एवं अनु श्रेष्ठको जीवन्त अभिनय रहेको र राजु सिंहद्वारा संगीतबद्ध म्युजिक भिडियो 'म मौन रहिरहें' समेत लोकार्पण गरिएको थियो ।

उक्त कार्यक्रमका सशक्त कविहरू विश्व विमोहन श्रेष्ठ, सरला श्रेष्ठ, उषा शेरचन र डा. गीता त्रिपाठी लगायतले आ-आफ्ना उत्कृष्ट रचना वाचन गरि कार्यक्रमलाई काव्यमय तुल्याएका थिए । सो समारोहमा प्रमुख अतिथि गोपाल पराजुलीले सर्जकलाई सम्मान र पूजा गर्ने यस्तो पवित्र कार्यमा साक्षी बन्न पाउँदा खुसी व्यक्त गर्दै पुरस्कृत व्यक्तित्व सिंहलाई शुभकामना व्यक्त गरे । सयौँको सङ्ख्यामा विशिष्ट साहित्यकारहरूको उपस्थिति रहेको उक्त भव्य समारोहको समापन सभापति एल.बी. क्षेत्रीद्वारा आफ्ना कविता वाचनसहित गरिएको थियो भने कार्यक्रमको सहजीकरण सिर्जना शर्माद्वारा कुशलतापूर्वक गरिएको थियो । यस्तै कार्यक्रमले वाङ्मयको विकासक्रम अघि बढ्ने क्रम निरन्तर जारी रहेको छ ।



पाल्पा जिल्लाको एक अत्यन्तै महत्वपूर्ण, धार्मिक तथा पर्यटकीय गन्तव्य हो- **सत्यवती मन्दिर** । यो तिनाउ गाउँपालिकामा पर्छ । चिच्याए बर मागे पूरा हुन्छ भन्ने जनविश्वास रहेको छ ।



पद्मावती-सुनन्दा साङ्गीतिक साँझ

२०८३ कात्तिक १५, काठमाडौं । साहित्यिक पत्रकार संघले हिजो राष्ट्रिय नाचघर, जमल, काठमाडौंमा 'पद्मावती-सुनन्दा साङ्गीतिक साँझ' कार्यक्रमको आयोजना गर्‍यो । वरिष्ठ सर्जक एवं चलचित्र निर्देशक यादव खरेलको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रम संघका अध्यक्ष राधेश्याम लेकालीको सभापतित्वमा सम्पन्न भएको थियो ।

प्रमुख अतिथि खरेलले कार्यक्रमको उद्घाटन गर्नु भएको सो कार्यक्रममा कार्यक्रमको उदेश्य र महत्वमाथि प्रकाश तथा स्वागत मन्तव्य अध्यक्ष लेकालीले राख्नु भएको थियो । उहांले दुवै गायिका पद्मावती सिंह र सुनन्दा मावेमाको योदानको चर्चा पनि गर्नु भएको थियो । कार्यक्रममा वरिष्ठ आख्यानकार, गीतकार एवं गायिका पद्मावती सिंह र गायिका सुनन्दा मावेमाका म्युजिक भिडियोहरू प्रस्तुत गरिएको थियो । गायिका सिंहका म्युजिक भिडियोहरू क्रमशः ***'म मौन रहिरहें', चुपचाप निस्तब्ध रात, रंगिन साँझको याम र कल्पन्छ सधैं*** प्रस्तुत गरिएको थियो । गायिका सिंहले 'साँझको याम थियो र धेरै दिन पछि' गाउनु भएको थियो ।

यसैगरी मावेमाका म्युजिक भिडियोहरू क्रमशः 'यो मनको फूल फुलेन, तिमी बाहेक यो मनले कोही खोज्दैन, मेरो विहान फुल्यो तिम्रो हेराईमा र चाँला मयजु (नेपाल भाषा) प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा गायिका सिंहले 'साउने झरी र समा यायेत (नेवारी) प्रत्यक्ष गाउनु भएको थियो । दुवै गायिकाको सुमधुर प्रस्तुतिले साङ्गीतिक साँझलाई सुमधुर, उल्लासमय र अविस्मरणीय बनाएको थियो ।

कार्यक्रममा प्रमुख अतिथिले यादव खरेलले नेपाली गीत सङ्गीतको चर्चा गर्दै दुवै गायिकामा वंस प्रभाव परेको बताउनु भयो । दुवैका हजुरबुवा र पिता पनि सङ्गीतमा योगदान गर्नु भएको र अहिले छोरी र नातिनीले पनि सङ्गीतलाई अंगालेको बताउनु भयो । उक्त कार्यक्रमका विशिष्ट अतिथिहरू विशिष्ट संगीतकार, गायक, कलाकार एवं पूर्व उपकुलपति सङ्गीत रत्न शम्भूजित बास्कोटा र वरिष्ठ साहित्यकार उषा शेरचनले शुभकामना मन्तव्य राख्दै प्रस्तुत म्युजिक भिडियोहरू र गीतहरू उत्कृष्ट र आकर्षक रहेको बताउनु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि यादव खरेल, विशिष्ट अतिथिहरू उषा शेरचन, शम्भूजीत बासतोला, प्राज्ञ उन्नती बोहरा शीला, जलेश्वरी श्रेष्ठ, सरला श्रेष्ठ र सङ्गीतकारहरू राजु सिंह, मनराजा नकर्मी, हरि सार्याम, कलाकारहरू हरिश कल्पित र अनु श्रेष्ठ, भिडियो निर्माता कृष्णदेव रूपाखेती तथा साहित्यकार मञ्जिला अनिल तथा दक्षता र दिव्यता भण्डारीलाई 'मायाको चिनो' प्रदान गरिएको थियो ।

कार्यक्रममा साहित्यकार र सङ्गीतकार लगायतको बाक्लो उपस्थिति रहेको थियो । सो कार्यक्रममा गीतकार संघ नेपालका अध्यक्ष वसन्त बित्यासी थापा, प्रा डा. ज्ञानु पाण्डे, प्रा डा. गोविन्दमान सिंह कार्की, साहित्यकारहरू भागीरथी श्रेष्ठ, शीला पन्त, मथुरा श्रेष्ठ, सावित्री श्रेष्ठ, विजयध्वज थापा, गीता कार्की, लक्ष्मी उप्रेती, रमेश दहाल, शान्ति रिसाल, कमला रिसाल, वीणा सिंह, इन्दिरा ढकाल, निरा श्रेष्ठ, एन्जेल निलु, डिसु माथेमालगायतको उपस्थिति रहेको थियो ।



देशका लागि मर्नुपरे मर्नुपर्छ साथी



यो मन मन्दिर हो एकपटक पुजेर जाउ
आउँदै नआउ तर आएपछि बुझेर जाउ
सक्छौ भने आकाश र धर्ती एक गराउन
केही भन्दिन म उपहारमा मन लुटेर जाउ।

☐ **बिभुश्री भन्तना**



तिमी देख्दै मनमा उठेको यो सवाल कस्तो
झन मन्त्र मुग्ध बनाउने त्यो चाल कस्तो
तिमी मान्छे हौ कि परी हौ, कि कुनै जादु
होइन भने नजरले मुटु चोर्ने यो जाल कस्तो ?

☐ **लीला दाहाल**



कसैका आँखामा राप देख्छु लाग्छ जलेरै मर्छु
कसैका आँखामा प्यार देख्छु लाग्छ डुबेरै मर्छु
जीवन रहुञ्जेल तान्डव नाच नचाए हलचल भो
कसैका मुटुमा चाल देख्छु लाग्छ चाल बढेरै मर्छु।

☐ **तारा आचार्य**



प्रेम गर्छु भन्छ, मीठो कुरा गर्छ
कुरा गर्दागर्दै नयनमा आँसु भर्छ
हुन त यस्तो प्रेम खोजेर नि पाइन्न
तर बन्धकी छ मुटु उसले बुझ्नै पर्छ।

☐ **पार्वती अधिकारी**



गर्जेर आयो आकाश धर्ती सफा हुने भो
दर्की छायो झरी पतझर पुष्परंग छुने भो
चिसो गए बसन्त बहार रंगिन छाउंछ अब
चराचुरूङगी भिज्दा उच्च स्वरले रूने भो

- चन्द्रकला आचार्य



साच्चिकै कर्णाली परदेश पछाडी परेकै हो
विकास पछाडि कुटनैतिक अघि सरेकै हो
सिधा जनता मुर्ख नेता भएर होला सायद
साच्चै भनु पर्दा राज्यले नि नराम्रो गरेकै हो

- प्रेम सुनार



जिउँदै चितामा चढ्नु परे चढ्नु पर्छ साथी
वैरीसँग लड्नु परे झन् लड्नु पर्छ साथी
कहिलेसम्म सहनु छिमेकीको थिचोमिचो
देशका लागि मर्नु परे मर्नु पर्छ साथी ।

- जेबी खत्री



झुटो बोल्नै नसक्नु धिक्कार भयो
सत्य, इमान, निष्ठा सधैं हार भयो
हर प्रयत्न गर्दा पनि सुधार्न नसकिने
एउटै कुरामा पछुतो बारम्बार भयो ।

- लक्ष्मी मुडवरी पण्डित

टीका गोपाल पुरस्कार खेमनाथलाई

काठमाडौं, कात्तिक १५ । वरिष्ठ साहित्यकार, महाकाव्यकार तथा गीतकार खेमनाथ दाहाललाई 'टीका गोपाल राष्ट्रिय गीतसंगीत पुरस्कार-२०८३' प्रदान गरिने भएको छ । टीका गोपाल प्रतिष्ठानका अध्यक्ष गीता सिंहको अध्यक्षतामा शनिवार काठमाडौंमा बसेको बैठकले दाहाललाई उक्त पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो । प्रतिष्ठानका सल्लाहकार सन्तोष श्रेष्ठसहित पदाधिकारीहरूको उपस्थितिमा भएको बैठकले यही साता काठमाडौंमा विशेष समारोह आयोजना गरी दाहाललाई सम्मान गर्ने जनाएको छ ।

यसअघि उक्त पुरस्कार कीर्तिमानी संगीतकार सन्तोष श्रेष्ठ तथा कीर्तिमानी गीतकार डा.उपाध्यायलाई प्रदान गरिएको थियो । साहित्य, संस्कृति, दर्शन र मानवीय संवेदनाका विविध पक्षलाई सिर्जनामार्फत अभिव्यक्त गर्दै नेपाली वाङ्मयको समृद्धिमा पुऱ्याएको योगदानको कदरस्वरूप दाहाललाई सम्मान गर्न लागिएको प्रतिष्ठानले जनाएको छ । शब्दलाई साधना, सिर्जनालाई जीवनदर्शन र साहित्यलाई समाजको ऐनाका रूपमा आत्मसात् गर्दै आउनुभएका दाहाल नेपाली साहित्यका बहुआयामिक स्रष्टाका रूपमा परिचित हुनुहुन्छ ।

दाहालका सिर्जनामा जीवनका अनुभूतिसँगै समाजका आरोह-अवरोह, सांस्कृतिक चेतना, दार्शनिक प्रश्न र मानवीय संवेदनाका विविध आयाम समेटिएका छन् । उहाँका 'श्रद्धाञ्जलि' कवितासंग्रह, 'रश्मी' खण्डकाव्य, 'योद्धा' काव्य, 'हावर्डको चौतारीमा' कवितासंग्रह, 'श्वेतपत्र' महाकाव्य, 'म त बन्दी भएको छु' कवितासंग्रह, 'यात्राको सिँढी' नियात्रा, 'अहोरात्र' उपन्यास तथा 'सिर्जनामा दृष्टि' भूमिकालेखनसंग्रह प्रकाशित छन् ।

उहाँको साहित्यिक व्यक्तित्व र सिर्जनामाथि पनि विभिन्न अध्ययन तथा समालोचनात्मक कृति प्रकाशित भएका छन् । 'नव छायावादको छवि', 'खेमनाथ दाहाल : सिर्जना र मूल्यांकन' तथा 'समालोचना वृत्तमा खेमनाथ दाहाल'लगायतका कृतिले उहाँको साहित्यिक योगदानलाई विभिन्न कोणबाट विश्लेषण गरेका छन् । 'मिलाप', 'जनमत' र 'बगर'लगायतका साहित्यिक पत्रिकामा उहाँका कभर स्टोरीसमेत प्रकाशित भएका छन् ।

दाहालको सिर्जनात्मक यात्रा संगीत क्षेत्रमा समेत विस्तारित छ । उहाँका काव्यिक भाव र चेतनालाई संगीतसँग जोडेर तयार पारिएको गीति एल्बम 'जागृति' श्रोता तथा दर्शकमाझ आएको छ । 'श्वेतपत्र' महाकाव्य र 'योद्धा' काव्यबाट साभार गरिएका गीत समेटिएको उक्त एल्बममा 'बुद्धको देश नेपाल', 'लालीगुरांसको साटो', 'विल्झ बिहान आमाको', 'फुल्छ बागमा फूल' र 'गाउँछौ अब लौ आमाका गीत' लगायतका गीत समावेश छन् । एल्बमका 'बुद्धको देश नेपाल', 'लालीगुरांसको साटो' र 'फुल्छ बागमा फूल' गीतमा कीर्तिमानी संगीतकार तथा गायक सन्तोष श्रेष्ठको स्वर रहेको छ । त्यसैगरी 'विल्झ बिहान आमाको'मा ज्ञानु राणा र 'गाउँछौ अब लौ आमाका गीत'मा रमेश पाठकले स्वर दिनुभएको छ ।





सम्पादक/प्रकाशक — राजन कार्की
Editor/Publisher — Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

कश्मीर किन भुङ्ग्रोको माछाजस्तो छटपटाइरहेछ



१९६२ मा कालापानीमा भारतले सैनिक क्याम्प राखेको थियो, उसले यो क्याम्प हटाएन, उल्टै लिपुलेक र लिम्पियाधुरासमेत भारतीय नक्सामा मिलायो । नेपालमाथि भारतीय विस्तारवादी नीति कायमै छ । यसको अर्थ नेपालको अस्तित्वमाथि खतरा कायमै रहेको छ । कश्मीरीजसरी नेपालीले रूनु नपरोस्, यो सचेततायको समय हो ।



कश्मीरको रक्तपातको सुरूआत सन् १९४७ अक्टोबर २७ मा श्रीनगरमा भारतीय सेना अवतरण गरेपछि सुरू भएको हो । भारतले जम्मु-कश्मीरलाई त्यहाँका जनताको चाहना विपरीत तथा भारतीय स्वतन्त्रता ऐन र विभाजन योजनाको पूर्ण बेवास्ता गर्दै आफ्नो नियन्त्रणमा लिएको दिन थियो त्यो । यसकारण कश्मीरीहरू अक्टोबर २७ लाई कश्मीरको इतिहासमा कालोदिनका रूपमा सम्झना गर्छन् । हरेक वर्ष यही दिनमा "कालो दिवस" मनाउने गर्छन् । यही कालो दिनको सम्झनामा कश्मीरलाई सद्भाव राख्ने विश्वभरिका मित्रहरूले ऐक्यबद्धता जनाउने गरेका छन् ।

अंग्रेज शासनमा रहेको उपनिवेशको भूभागलाई भारत र पाकिस्तानका रूपमा विभाजन गर्ने योजना ३ जुन १९४७ मा बन्यो, योजनाअनुसार हिन्दू बहुल क्षेत्र भारतमा र मुस्लिम बहुल क्षेत्र पश्चिमी प्रान्त खथा पूर्वी बंगलामा पाकिस्तानमा समोवेश गर्ने योजनाको घोषणा गऱ्यो, जसलाई बेलायती संसदले १८ जुलाई १९४७ मा पारित गरेको थियो । त्यतिबेला ती क्षेत्रमा ५६८ स्वतन्त्र रजौटाहरू पनि स्वतन्त्र भए, जसलाई यी दुई मध्ये कुनै एकमा विलय हुन भनिएको थियो । १९ जुलाई १९४७ मा श्रीनगरको आवि गुजारमा जम्मु-कश्मीर मुस्लिम कन्फरेन्सको बैठक बस्यो, जुन बैठकले ८७ प्रतिशत मुस्लिम बहुलता भएको जम्मु-कश्मीरलगायतका क्षेत्र पाकिस्तानसंग विलय हुने मत पारित गरेका थिए ।

भारत अखानो बनेर निस्कियो । विभाजनका नियम, सर्त, मान्यता भारतले उल्लंघन गऱ्यो र हैदराबाद, जुनागढ र कश्मीरमा हस्तक्षेप गरी नियन्त्रण जमाउन पुग्यो । त्यतिबेला जम्मु-कश्मीरका महाराजा हरि सिंह थिए, उनले भारतीय राष्ट्रिय कांग्रेसका नेताहरू र बेलायती शासकहरूसंगको सहमतिमा तथाकथित "इन्स्ट्रुमेन्ट अफ एक्सेसन" मार्फत भारतसंग विलयको घोषणा गरिदिए । त्यो सहमति आजसम्म रहस्यमै छ । यही सहमतिले कश्मीर विवादको विष वृक्ष बन्यो, जुन आज ७९ वर्षसम्म पनि कश्मीरको भविष्य रक्तपातमय बनाइरहेको छ ।

बेलायती इतिहासकार Alistair Lamb ती व्यक्ति हुन्, जसले भारतको "इन्स्ट्रुमेन्ट अफ एक्सेसन" को दावीलाई चुनौती दिएका छन् । उनको पुस्तक The Birth of Tragedy मा लेखिएको छ- उक्त दस्तावेजमा हस्ताक्षर हुनु अघि नै भारतीय सेना कश्मीरमा प्रवेश गरिसकेको थियो । यही कारणले भारतले उक्त दस्तावेज कुनै पनि अन्तर्राष्ट्रिय मञ्चमा सार्वजनिक गर्न सकेन । कश्मीरी अनुसन्धानकर्ता Abdul Majid Zargar / Basharat Hussain Qazilbash ले पनि उक्त भारतले दावीलाई खारेज गरिदिएका छन्, नक्कली भनेका छन् । वास्तविक दस्तावेज नै नभएको उल्लेख गरेका छन् । आश्चर्य त के छ भने भारतको अभिलेख विभागले त्यो दस्तावेज हराएको घोषणा गरेको छ । जुन पत्याउन सकिदैन ।

विभाजनका लागि बेलायती वकिल Cyril Radcliffe को नेतृत्वमा सीमा आयोग बनेको थियो, यो आयोगले मुस्लिम बहुल जम्मु कश्मीरसम्म सहज पहुँच भएको गुरदासपुर क्षेत्र भारतलाई दिने निर्णय गरेपछि कश्मीर विवाद झन झन उल्झियो । कश्मीर विवादको सिर्जनाकार बेलायती वकिललाई पनि मानिन्छ । कश्मीर विवाद चर्कनथाल्यो र कश्मीरीहरूले भारतीय नियन्त्रणविरूद्ध प्रतिरोध गर्न थाले त्यसपछि यो कश्मीर विवाद राष्ट्रसंघमा प्रवेश गरेको थियो ।

संयुक्त राष्ट्रसंघमा कश्मीर

कश्मीरीको उग्र प्रतिरोधले भारत रक्षात्मक स्थितिमा पुग्यो । १९४८ जनवरी १ मा कश्मीर विवाद समाधानको लागि राष्ट्रसंघको सुरक्षा परिषद प्रवेश गर्नपुग्यो ।

सुरक्षा परिषद्मा बहस भयो र समयक्रममा विभिन्न प्रस्तावहरू पारित गऱ्यो । जसलाई भारत र पाकिस्तान दुवैले स्वीकार पनि गरेका थिए । सुरक्षा परिषदमा पारित ती प्रस्तावहरूमा कश्मीरी जनतालाई आत्मनिर्णयको अधिकार दिने, संयुक्त राष्ट्रसंघको पर्यवेक्षणमा जनमत संग्रह गर्नुपर्ने प्रमुख थिए । सुरूका दिनमा भारतका शासक वर्गले राष्ट्रसंघको सबै प्रस्ताव स्वीकार गरे पनि पछि पछि भारतले आफ्ना प्रतिबद्धता आफैले इन्कार गर्दै जम्मु-कश्मीरलाई भारतको अभिन्न अंगका रूपमा वर्णन गर्न थालेको देखिन्छ ।

बद्दो कश्मीरी विद्रोह

राष्ट्रसंघको प्रस्तावलाई स्वीकार गरेर पनि अमल नगरेको कारण विवाद बद्दै गयो । कश्मीरी विद्रोह तीव्र बन्दै गयो । सन् १९८९ मा कश्मीरीले आत्मनिर्णयको अधिकार पाउनैपर्छ भन्ने संघर्षलाई तीव्र बनाएर भारतलाई चेतावनी र चुनौती दुवै दिनथालेका थिए ।

कश्मीरी विद्रोहको जनवरी १९८९ देखि सेप्टेम्बर २०१८ को अवधिमा भारतले अमानवीय सैनिक कारवाही गरिरह्यो । भारतीय सेनाले ९५,१२९ कश्मीरीलाई मार्‍यो, २२,८८२ महिला विधवा बने । १,०७,७२३ बालबालिका अनाथ हुनपुगे । ११,०८२ महिलामाथि भारतीय सैनिकले यौन हिंसा गरे । ८ हजारभन्दा बढी युवाहरू पक्राउ परे, वेपत्ता पारिएको तथ्याइकहरू सार्वजनिक भएका देखिन्छन् ।

कश्मीरमा आत्मनिर्णयको आन्दोलन रोकिएको छैन । सन २००८ मा भयानक जनविद्रोह भएको थियो भने ८ जुलाई २०१६ मा युवा लोकप्रिय कश्मीरी नेता Burhan Muzaffar Wani को हत्या गरिएको थियो । यो हत्यापछि आन्दोलन अझ उग्र हुनपुगेको थियो । भारतीय सेनाले आजाद कश्मीरी आन्दोलनकारीमाथि पेलेट गन प्रयोग गरेर हजारौलाई मारेको, घाइते बनाएको, अन्ध अपाङ्ग पारेको रिपोर्टहरू सार्वजनिक भएका थिए ।

भारतले आज पनि कश्मीरी आन्दोलनकारीहरूलाई आतंककारीको आरोपमा दमन गरिरहेको छ । स्वतन्त्रता सेनानीहरू कश्मीरलाई स्वतन्त्र बनाएरै छाड्न दत्तचित्त भएर लडिरहेका छन् । भारतले जतिसुकै दमन गरे पनि आन्दोलन रोकिएको अवस्था छैन । भारतको मनसाय सिङ्गो कश्मीरलाई भारतमा विलय गराउने र मुस्लिम जनसांख्यिक संरचना परिवर्तन गर्ने रणनीति अपनाइरहेको देखिन्छ ।

भारतले संविधानको धारा ३७० र ३५ ए हटाउने, भारतीय नागरिकलाई जम्मु कश्मीरमा बसोवासको अधिकार दिने, पाकिस्तानले कश्मीरी जनताको स्वतन्त्रताको अधिकारको समर्थन र सहयोग गर्दै आएको छ । यसका लागि भारतीय संविधानका धारा ३७० र ३५-ए हटाउने, भारतीय नागरिकलाई जम्मु-कश्मीरमा बसोवासको अधिकार दिने तथा जनसांख्यिक संरचना परिवर्तन गर्न राज्यका अनेक सुरक्षा निकायको प्रयोग गरेर कश्मीरीहरूलाई दबाव बढाउँदै लगेको छ ।

पाकिस्तानले कश्मीर जनताको स्वतन्त्रताको चाहनाको समर्थन र सहयोग गर्दै आएको छ । कश्मीरको विवादको शान्तिपूर्ण समाधानले दक्षिण एसियामा दिगो शान्ति सम्भव छ भन्ने पाकिस्तानको दृढ विश्वास छ । पाकिस्तानले भारतको तीव्र दबाव, सैन्य र कूटनीतिक रणनीतिक सांजिस झेल्दै आए पनि कश्मीरका मुद्दामा पाकिस्तानले समर्थन कायम राख्दै आएको छ ।

केही सकारात्मक घटनाक्रम

१९ जनवरी २०१७ मा बेलायती संसदमा कश्मीरबारे गम्भीर बहस भयो । १८ जुलाई २०१८ मा युरोपेली संसदले कश्मीरको इतिहास र संयुक्त राष्ट्रसंघीय प्रस्तावहरूबारे दस्तावेज नै जारी गर्यो । बेलायती संसदको सर्वदलीय कश्मीर समूहले कश्मीर स्थितिबारे अनुसन्धान अघि बढायो ।

१४ जुन २०१८ मा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तले कश्मीरको चिन्ताजनक मानवअधिकार विषयबारे प्रतिवेदन सार्वजनिक गरे ।

कश्मीर ह्यूमन राइट रिपोर्टका अनुसार १९८९ देखि २०२६ सम्म पक्राउ गरेर ७४२१ मारिए, ९५०१५१ लाई संघातिक रूपमा पिटियो, यातना दिइयो । ४५९२ जनालाई पेलेट गनले घाइते बनाइयो, जसमा १३९ जनाले आँखा गुमाए । १८४६७५ जनालाई जबरजस्ती पक्राउ गरेर थुनियो, २२९९७ विधवा बने, १०८०१५ बालबालिका सहारावीहीन बने ।

यो देखेर मानवअधिकारको अवस्थाबारे चिलीका राष्ट्रपतिबाट चिन्ता व्यक्त भयो ।

सन २०२६ मे १ मा राष्ट्रसंघ मानवाधिकार आयोगले प्रस्ताव नै पारित गरेर चिन्ता व्यक्त गरेको छ भने जुन १८ मा विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूले सामुहिक वक्तव्य नै प्रकाशित गरेर कश्मीरीमाथि भएको भारतीय सैनिक अतिवादको निन्दा गरेका छन् ।१८ जुन २०२६ मा एमनेस्टीको चिन्ता सार्वजनिक भएको थियो भने २३ जुलाई २०२६ मा एसओएस टर्चर नेटवर्कले गम्भीर चासो प्रकट गरेको छ । जुलाई २४ २०२६ मा इन्टरनेशनल फेडरेशन अफ जोर्नालिस्ट्स्ले भारतको ज्यादती असह्य भएको वक्तव्य प्रकाशित गरेको थियो । अनेक अर्न्ताष्ट्रिय संस्था, व्यक्ति, आयोगबाट निरन्तर कश्मीरको समस्याको समाधान खोजिनुपर्ने माग भइरहेको छ । विश्वप्रशिद्ध सञ्चारमाध्यम अलजजिरा, इस्लामीसिटी, श्रीलंकन गार्जियन, मिडिल इस्ट आई, टीआरटी वर्ल्डहरूले पनि समय समयमा कश्मीर समस्या समाधान किन हुन सकने भनेर विश्वको ध्यान आकृष्ट गरिरहेका छन् ।

कश्मीरी र विश्वभरिका शान्तिप्रेमीहरूले कश्मीर समस्याको समाधान हुनुपर्छ भनेर अक्टोबर २७ लाई "कालो दिवस" का रूपमा मनाउने निरन्तरता कायम छ । कालो दिवस मनाउनुको अन्तर्य संयुक्त राष्ट्रसंघीय प्रस्ताव तथा जम्मु-कश्मीरका जनताको चाहनाअनुसार कश्मीर विवाद समाधान गर्न विश्व समुदायलाई आफ्नो जिम्मेवारी सम्झाउनु हो । अटेर गर्ने भारतलाई जिम्मेवारी बोध गराउनु हो । कालो दिन मनाउनुको अर्को अर्थ कश्मीरी जनताले आत्मनिर्णयको अधिकार प्राप्त नभएसम्म संघर्ष जारी राख्ने सन्देश दिनु पनि हो ।

भारत स्वार्थको निद्दामा परेको छ, निदाएको बहाना गरिरहेको छ । वास्तवमा सुतेकालाई व्यूँझाउन सकिन्छ, तर व्यूँझिएर पनि आँखा चिम्लनेलाई जगाउन अत्यन्त कठिन हुन्छ ।

कश्मीरी आवाज छ- ब्लड क्यानट वास अवे तज क्वेस्ट फर फ्रिडम । २७ अक्टोबर, अ डेट कार्भड इन पेन एण्ड ब्लड । २७ अक्टोबर ब्याक डे, द डे-दी ट्रुप्स ल्याण्डेड । २७ अक्टोबर कश्मीर ब्लिड्स इण्ड दी इण्डियन इलिगल अकुपेसन नाउ ।

विश्वभरि उठेको एउटै प्रश्न छ- when will Kashmiris be allowed to determine their own futur ¿

यसकारण पनि अक्टोबर २७ को महत्व अझै बढेको देखिन्छ ।

५ अगस्त २०१९ मा भारतले जम्मु कश्मीर क्षेत्रलाई भारतको राजनीतिक नक्सामा समावेश गरेपछि कश्मीर समस्या ज्वालामुखीजस्तो बन्नपुगेको छ । कश्मीरी जनतामाथि थप रक्तपात मच्चाइएको छ । सैनिक शासनजस्तो त्रासदीमा कश्मीरीलाई राखिएको छ ।

यसकारण पनि अक्टोबर २७ को कालोदिन मनाउनु र कश्मीरी जनताको स्वतन्त्रताको विद्रोह न्यायको खोजी आन्दोलन हुनपुगेको देखिन्छ ।

सम्पादकीय

पोष्टमार्टम नै गर्नुपर्ने भयो

दिनदिनै जे जस्ता घटनाक्रम सार्वजनिक भइरहेका छन्, यो देख्दा पोष्टमार्टम नै गर्नुपर्ने भयो । गणतान्त्रिक लोकतन्त्र भन्दा भन्दै कस्तो पद्धति विकास भएको रहेछ । एउटा विचौलियाको पक्राउ गरेर अनुसन्धान गर्दा सुरक्षा निकाय, न्यायालयदेखि राजनीतिक नेताहरूसम्मको आन्द्राभुँडीभरि भ्रष्टाचार नै भ्रष्टाचार देखिन्छ भने अब भ्रष्टाचारको विषयमा पोष्टमार्टम नै गर्नुपर्ने भयो । जबसम्म चिरफार गरिनैछैन, भ्रष्टाचारको हाँगाबिँगा देखिनेछैन । छिमोल्न सकिन्न । ०४६ सालपछि देशलाई बहुदल र लोकतन्त्रका नाममा राजनीतिक दल र तिनका कार्यकर्ताले दलाल पालेर सेटिङमा पो राज्य चलाइरहेका रहेछन् । विधिभन्न विषय त देखावटी रहेछ । यसकारण त ६५ वर्षदेखि अदालतले मुद्दा फर्स्यौट नगर्ने, विचौलियाको चासो भएको विषयमा तत्काले निर्णय दिने काम भइरहेको रहेछ । विचौलियाले कसलाई कुन पदमा नियुक्ती गर्न लगाउँछ, बहुदल र लोकतन्त्र भन्ने पाटीका नेताहरूले त्यही त्यही निर्णय गर्ने रहेछन् । अब संविधान र संवैधानिक निकायमा पुरै सफाइ अभियान चलाउनुपर्ने देखियो । जता पनि पुराना दलका मान्छे, तिनले गरेका कालाकर्तुतहरू धमाधम सार्वजनिक हुनथालेकाले पनि सफाइ अभियान जरूरी भयो ।

इतिहासमा वर्णित छ- औरङ्गजेबको व्यक्तिगत तर डरलाग्दोहतियार थियो- खञ्जर (छुरा) । सार्वजनिक रूपमा दण्डित गर्नुपरे काँडे कोर्रा (बागन्याक-फलामको काँडे पञ्जा) थियो । जसले स्वराजप्रति घात गर्छ, त्यसलाई औरङ्गजेबले फलामको काँडे पञ्जा छाती र भुँडीमा धस्थे । त्यसैले त सन १६५७ देखि १७०७ सम्म औरंगजेब सोल्जरको जीवन बाँचे, स्वराज भन्दै मृत्युवरण गरे । जब जब स्वराज र स्वच्छताको कुरा आउँछ, आज पनि औरंगजेबको सम्झना गरिन्छ ।

बडामहाराजाधिराज पृथ्वीनारायण शाह थिए, नेपाल निर्माण गरिदिए । जातीय सद्भाव र एकताको सूत्र बनाइदिए । यस्तो बहुजातीय अखण्ड देशलाई विखण्डनको खतरामा पार्ने, भ्रष्टाचारको आहाल बनाउनेहरू ०४६ देखि ०८२ सालसम्मका शासक दलहरू हुन्, तिनका टाउके नेताहरू हुन् । नेतृत्व अनैतिक, भ्रष्ट, सिद्धान्तहीन रहेछ र पो नेपालको सुदूर भविष्य अन्धकार अन्धकारमय बनाएको रहेछ । अहिले आएर पोल खुल्यो । अझै राम्ररी पोष्टमार्टम गर्ने हो भने भ्रष्टका आन्द्राभुँडी छ्यालब्याल रूपमा देखिनेछ । आज देशले ३० खर्बमाथिको ऋणभार बेहोर्न परेको छ, विकासशून्य छ, जता पनि घूसमात्र खोजिन्छ । गणतान्त्रिक लोकतन्त्र चलाउनेहरूको दिमागमा भूस भरिएको रहेछ र त, जनताले सास्ती पाएका रहेछन्, देशको अस्तित्व संकटमा फसेको रहेछ, देशलाई बचाउने जिम्मा अब नयाँ पुस्ताले गर्नुपर्नेछ ।

विचौलियासँग नाइटो जोडिएकाहरूलाई फाल्नेपर्छ । संवैधानिक अष्टेरो छ भने त्यसलाई फुकाउनैपर्छ । यो सफाइ अभियानमा जसजसले साथ दिदैन्, तिनको हिसाबकिताब जनताले गर्नेछन् । जनताले खोजेको राहत, सुशासन, समृद्धि हो । यसका लागि विधिका शासन अपरिहार्य छ । विधिको शासन स्थापित गर्न जसले साथ दिदैन, अल्झो थाप्छ, त्यसप्रति जनता अझ निर्मम हुनपर्नेछ । आजको परिवर्तनको वाहक जनता हुन् । नयाँ पुस्ता हो । नयाँ पुस्ताको सरकारले भ्रष्टाचार गरेको कुनै पनि प्रमाण छैन । नैतिक धरातलमा अव्वल छ यो सरकार । सरकारमा रहेका कुनै असक्षम छन् भने तिनलाई विदा दिएर नयाँ सक्षमको चयन हुनुपर्छ । तर भ्रष्टाचारमाथि शून्य सहनशीलताका साथ काम हुनैपर्छ । काण्डका चाङ छन्, ती काण्डहरूको छानविनमा कुनै कसर छाड्नुहुन्न । समय यही हो, देशलाई सुशासनमय, विधिमय बनाउनका लागि । जनताले ऐतिहासिक मतादेश दिएका छन् । कुनै पनि दलले यो सरकारलाई हल्लाउन पनि सक्दैन । यिनले गर्ने भनेको हल्ला हो, जुन संसददेखि सडकसम्म देखिएकै छ । तर यिनको हल्लामा जनताले कुनै साथ दिएका छैनन् । बालेन सरकारले राम्रो गर्दा विपक्षीले जनताको साथ पाउनेवाला पनि छैनन् । बालेनको ढाडमा हाड कति त, त्यो अब देखिने समय आयो, देखाउनैपर्छ ।

दशैं, तिहार, छठ धर्म, संस्कृति र राष्ट्रिय चेतनाको पर्व



डा. केदार कार्की

परिचय

पशु चिकित्सकहरू यस्ता अपरिहार्य पेसाकर्मी हुन् जसले पशु स्वास्थ्यको रक्षा गर्छन्, जनस्वास्थ्य प्रवर्द्धन गर्छन्, खाद्य सुरक्षा सुदृढ पार्छन् र समाजको आर्थिक विकासमा टेवा पुऱ्याउँछन् । जीविकोपार्जनका लागि गाईवस्तु, बाख्रा, भेडा, कुखुरा र सुँगुरजस्ता घरपालुवा जनावरमा निर्भर समुदायहरूमा, पशु चिकित्सकहरूले पारिवारिक आम्दानीको सुरक्षा गर्न र जीवनस्तर उकास्न महत्त्वपूर्ण भूमिका खेल्छन् ।

पशु चिकित्सक भनेका केवल जनावरका डाक्टर मात्र होइनन्; उनीहरू मानव स्वास्थ्यका रक्षक, किसानहरूका सहयोगी र राष्ट्रिय विकासमा योगदान पुऱ्याउने व्यक्ति पनि हुन् ।आम जनताको नजरमा, पशु चिकित्सकहरू बिरामी र घाइते सहयात्री जनावरहरूको उपचारको लागि व्यापक रूपमा चिनिन्छन् । यद्यपि, पशु चिकित्सकहरू प्रायः पर्दा पछाडि धेरै क्षेत्रहरूमा संलग्न हुन्छन् ।

पशु चिकित्सक; शब्द उल्लेख भएपछि, धेरैजसो मानिसहरूले आफ्नो दिमागमा क्लिनिकमा घाइते सहयात्री जनावरहरूको उपचार गर्ने वा घरपालुवा जनावरहरूको स्वास्थ्य जाँच गर्ने पशु चिकित्सकको छवि बनाएका हुनेछन् । यद्यपि, धेरै पशु चिकित्सकहरू छन् जुन कम ज्ञात कामहरूमा काम गर्छन् जुन जनतालाई थाहा नहुन सक्छ । पशु चिकित्सकहरूलाई जनावर र मानिसहरू दुवैको स्वास्थ्यको रक्षा गर्न शिक्षित गरिन्छ । यहाँ हाम्रो समाजमा पशु चिकित्सकहरूले खेल्ने केही भूमिकाहरूको सूची छ !

क्लिनिकल अभ्यासमा पशु चिकित्सकहरू

यी पशु चिकित्सकहरू सहयात्री जनावरहरू, उत्पादन जनावरहरू, घोडाहरू जस्ता खेलकुदमा प्रयोग हुने जनावरहरू, सुँगुर, गाई र भेडा जस्ता उत्पादन जनावरहरूको स्वास्थ्यको उपचार र मर्मतमा संलग्न छन् । पशु चिकित्सा स्कूलमा, भविष्यका पशु चिकित्सकहरूले साथी जनावरहरू (कुकुर, बिरालो) देखि उत्पादन जनावरहरू (गाई, भेडा, सुँगुर, कुखुरा), विदेशी जनावरहरू (चरा, खरायो, गिनी सुँगुर, ह्यामस्टर, चिडियाखानाका जनावरहरू) सम्मका जनावरहरूमा आधारभूत रोगहरूको निदान र उपचार कसरी गर्ने भनेर सिक्छन् । सबै पशु चिकित्सकहरू पशु चिकित्सा स्कूलबाट स्नातक गरेपछि सामान्य अभ्यासकर्ताहरू हुन्, तर तिनीहरूले पछि जनावरको एक विशेष प्रजाति वा औषधिको एक विशेष क्षेत्रमा विशेषज्ञता हासिल गर्न छनौट गर्न सक्छन् । सिंगापुरमा, क्लिनिकल अभ्यासमा धेरैजसो पशु चिकित्सकहरू साना जनावर पशु चिकित्सकहरू हुन् । केही साना पशु पशु चिकित्सकहरूले आन्तरिक औषधि, आपतकालीन र महत्वपूर्ण हेरचाह, शल्यक्रिया वा स्नायु विज्ञान जस्ता क्षेत्रहरूमा थप विशेषज्ञता हासिल गर्न पनि छनौट गर्छन्, प्रायः अतिरिक्त वर्षको अध्ययन र परीक्षाहरू मार्फत । केही पशु चिकित्सकहरूले आश्रयहरूमा काम गर्ने र सामुदायिक जनावरहरूको हेरचाह गर्ने छनौट पनि गर्छन् ।



खाद्य सुरक्षामा संलग्न पशु चिकित्सकहरू

खाद्य सुरक्षा र गुणस्तर सुनिश्चित गर्न पशु चिकित्सकहरूलाई राष्ट्रिय खाद्य एजेन्सीहरूद्वारा नियुक्त गरिन्छ । यस क्षेत्रका पशुचिकित्सकहरूले नियामक आवश्यकताहरू पूरा भएको सुनिश्चित गर्न र औषधि/कीटनाशक अवशेष र वातावरणीय प्रदूषकहरू जस्ता खाद्य सुरक्षा जोखिमहरू नियन्त्रण गरिएको सुनिश्चित गर्न विश्लेषकहरू, खाद्य प्रविधिविद्हरू र सूक्ष्मजीवविद्हरू जस्ता अन्य पेशेवरहरूसँग मिलेर काम गर्छन् । यीमध्ये केही पशुचिकित्सकहरूले जनावरहरूलाई स्वच्छ अवस्थामा राखिएको सुनिश्चित गर्न र पशुपालनमा एन्टिमाइक्रोबियलहरूको जिम्मेवार र विवेकपूर्ण प्रयोगको बारेमा पशुधन उत्पादकहरूलाई जागरूकता र तालिम प्रदान गर्न फार्म भ्रमणहरू पनि गर्छन् । यी पशुचिकित्सकहरू मासु निरीक्षणमा पनि संलग्न छन् र पशु रोगहरू र जुनोजहरूको निगरानीमा संलग्न छन्, त्यसैले सार्वजनिक स्वास्थ्यमा पनि महत्त्वपूर्ण भूमिका खेल्छन् ।

शिक्षणमा संलग्न पशुचिकित्सकहरू

यी पशुचिकित्सकहरूलाई प्रायः पशु चिकित्सा शिक्षण अस्पतालहरूमा अनुसन्धान, सिकाउन र जनावरहरूको हेरचाह गर्न पशु चिकित्सा कलेजहरूद्वारा नियुक्त गरिन्छ । सिंगापुरमा, पशु चिकित्सा नर्सिङ/प्रविधिमा डिप्लोमा प्रदान गर्ने पोलिटेक्निकहरूले भविष्यका पशु चिकित्सा नर्सहरूलाई शिक्षित गर्न पशु चिकित्सकहरूलाई पनि नियुक्त गर्दछ र विदेशबाट आयात गर्दा सुविधाहरूमा क्वारेन्टाइन गरिएका जनावरहरूको स्वास्थ्य अनुगमन र जाँच गर्ने काममा संलग्न हुन्छन् । केही पशुचिकित्सकहरूलाई पशु कल्याण र क्रूरता सम्बन्धी कानूनहरूको बारेमा नीति निर्माताहरूले पनि परामर्श गर्छन् ।

जनस्वास्थ्यमा पशुचिकित्सकहरू

पशुचिकित्सा महामारीविद्हरूले जनावर र मानव रोगको प्रकोपको अनुसन्धान गर्छन् र रोग फैलिनबाट रोक्न कार्यक्रमहरू विकास गर्छन् । यी पशुचिकित्सकहरू प्रायः मानव स्वास्थ्य, वातावरणीय स्वास्थ्य साथै अन्तर्राष्ट्रिय सरकारी एजेन्सीहरूमा संलग्न धेरै सरोकारवालाहरूसँग मिलेर काम गर्छन् ।

पशुचिकित्सकहरू समाजका महत्त्वपूर्ण स्तम्भ हुन् जसले जनस्वास्थ्यको रक्षा गर्छन्, खाद्य आपूर्तिको सुरक्षा गर्छन्, ग्रामीण अर्थतन्त्रलाई समर्थन गर्छन्, र मानव, जनावर र वातावरणीय स्वास्थ्य (एक स्वास्थ्य ढाँचा भनेर चिनिन्छ) बीचको नाजुक सन्तुलन कायम राख्छन् ।

जनस्वास्थ्य र जुनोटिक रोग नियन्त्रण

- महामारी रोकथाम: पशुचिकित्सकहरूले जुनोटिक रोगहरू विरुद्ध पहिलो रक्षाको रूपमा काम गर्छन् - रेबिज, एभियन इन्फ्लुएन्जा, र वेस्ट नाइल भाइरस जस्ता जनावरबाट मानिसमा सर्ने रोगजनकहरू ।

- निगरानी: तिनीहरूले वन्यजन्तु र घरपालुवा जनावरहरूमा रोग प्रवृत्तिहरूको निगरानी गर्छन् ताकि तिनीहरू मानव जनसंख्यामा प्रवेश गर्नु अघि नै प्रकोपहरू समाप्त सकून् ।

- एन्टिमाइक्रोबियल स्टेवार्डशिप: पशुचिकित्सकहरूले विश्वव्यापी औषधि-प्रतिरोधी सुपरबगहरूको वृद्धिलाई रोक्न जनावरहरूमा एन्टिबायोटिकको प्रयोगलाई नियमन र व्यवस्थापन गर्छन् ।

खाद्य सुरक्षा र खाद्य सुरक्षा

- फार्म-टु-टेबल निरीक्षण: पशुचिकित्सकहरूले फार्महरूमा पशुधनको निरीक्षण गर्छन्, बथानको स्वास्थ्य व्यवस्थापन गर्छन्, र साल्मोनेला र ई. कोलाई जस्ता खाद्यजन्य रोगहरू रोक्न वधशालाहरूमा पूर्व र पोस्टमार्टम शव जाँच गर्छन् ।

- जीविकोपार्जनको संरक्षण: विश्वव्यापी रूपमा कृषि न्य को लगभग ४०% पशुधनले ओगटेको छ । उच्च प्रभाव पार्ने पशुधन रोगहरूको उपचार र रोकथाम गरेर, पशु चिकित्सकहरूले लगभग एक अर्ब किसान र पशुपालकहरूको आय, खाद्य स्रोत र आर्थिक स्थिरताको रक्षा गर्छन् ।

- व्यापार मापदण्डहरू: तिनीहरूले जनावर र पशु उत्पादनहरूको सुरक्षित विश्वव्यापी व्यापारको लागि अन्तर्राष्ट्रिय स्वास्थ्य मापदण्डहरू सेट र लागू गर्छन् ।

वातावरणीय र पारिस्थितिक प्रणाली स्वास्थ्य

- वन्यजन्तु संरक्षण: पशु चिकित्सकहरूले लोपोन्मुख प्रजातिहरूको सुरक्षा गर्न, बासस्थानको प्रभाव व्यवस्थापन गर्न र घाइते वन्यजन्तुहरूको उपचार गर्न संरक्षणवादीहरू र चिडियाखानाहरूसँग काम गर्छन् ।

जलवायु र बासस्थान अनुगमन: शहरी विस्तार र जलवायु परिवर्तनले मानव-जनावर अन्तर्क्रिया बढाउँदै जाँदा, पशु चिकित्सकहरूले परिवर्तनशील पारिस्थितिक प्रणालीहरूले नयाँ रोग जोखिमहरू कसरी उत्पन्न गर्छन् भनेर ट्र्याक गर्छन् ।

साथी जनावरहरू र मानव-जनावर बन्धन

- मानसिक र सामाजिक कल्याण: घरपालुवा जनावरहरू, काम गर्ने जनावरहरू, र भावनात्मक सहयोगी जनावरहरूको हेरचाह गरेर, पशु चिकित्सकहरूले साथी जनावरहरूले व्यक्ति र परिवारहरूलाई प्रदान गर्ने गहिरो मनोवैज्ञानिक र शारीरिक स्वास्थ्य लाभहरू कायम राख्छन् ।

- बायोमेडिकल अनुसन्धान: पशु चिकित्सकहरूले अनुसन्धान प्रयोगशालाहरू, औषधि विकास, र क्लिनिकल परीक्षणहरूमा महत्त्वपूर्ण भूमिका खेल्छन् जसले जनावर र मानिस दुवैको लागि औषधिलाई अगाडि बढाउँछ ।

निष्कर्षमा भन्नुपर्दा, यी ६ वटा मुख्य कार्यक्षेत्रहरू हुन् जसमा पशु चिकित्सकहरू संलग्न हुन्छन् । यी वर्गहरू एक-अर्काबाट पूर्णतया अलग भने छैनन्; कतिपय पशु चिकित्सकहरू एकैसाथ विभिन्न वर्गहरूसँग सम्बन्धित कामहरूमा संलग्न हुन सक्छन्—उदाहरणका लागि, क्लिनिकल अभ्यास, अध्यापन र अनुसन्धान । यद्यपि, कुनै पनि पशु चिकित्सकले आफ्नो करियरको बाटो जुनसुकै रोजेको भए तापनि, उनीहरू सबै अन्ततः आफ्नो हेरचाहमा रहेका जनावरहरूको स्वास्थ्य र कल्याण कायम राख्न तथा सुधार गर्नमा संलग्न हुन्छन् । पशु चिकित्सकहरूले जनस्वास्थ्यको क्षेत्रमा, साथै जनावरहरूबीच वा जनावरबाट मानिसमा रोग सर्न नदिने कार्यमा महत्त्वपूर्ण भूमिका खेल्छन्; यसरी उनीहरू वन हेल्थ (One Health) पहलमा ठूलो योगदान पुऱ्याउँछन् ।

चिनियाँ कम्युनिष्ट पार्टीको संस्थागत दृष्टि



प्रेम सागर पौडेल
नेपाल-चीन पारस्परिक सहयोग समाज

चिनियाँ कम्युनिस्ट पार्टीको बैठकले पार्टीको पूर्ण तथा कठोर आत्मशासनलाई चीनको विकास र शासन सञ्चालनलाई सही दिशामा अघि बढाउने संस्थागत प्रत्याभूतिका रूपमा अघि सारेको छ । जनताका हितमा नीति कार्यान्वयन गर्ने, सार्वजनिक स्रोतको जिम्मेवार उपयोग गर्ने र आर्थिक रूपान्तरणलाई निरन्तरता दिने संस्थागत क्षमतालाई सुदृढ बनाउने चिनियाँ नेतृत्वको प्रतिबद्धता यसमा प्रतिबिम्बित छ ।

सन् २०२६ देखि २०३० सम्मको पन्ध्रौं पञ्चवर्षीय योजनाका लागि राष्ट्रिय आर्थिक तथा सामाजिक विकाससम्बन्धी सिफारिसहरू बैठकले सन् २०२५ अक्टोबरमा स्वीकृत गरेको थियो । त्यसको एक वर्षपछि बसेको बैठकको मुख्य निर्णय पार्टीको पूर्ण तथा कठोर आत्मशासनसम्बन्धी प्रस्ताव थियो ।

कुनै पनि देशको विकास आर्थिक वृद्धिदर वा ठूला आयोजनाको सङ्ख्याले मात्र मापन हुँदैन । सार्वजनिक अधिकार कसरी प्रयोग हुन्छ, राष्ट्रिय स्रोत कुन प्राथमिकतामा परिचालित हुन्छ र सरकारी नीतिको लाभ नागरिकसम्म कति प्रभावकारी रूपमा पुग्छ भन्ने कुराले विकासको गुणस्तर निर्धारण गर्छ । चिनियाँ कम्युनिस्ट पार्टीले आत्मसुधार, कठोर अनुशासन र भ्रष्टाचार नियन्त्रणलाई शासनको केन्द्रमा राख्नु जिम्मेवारीप्रतिको गम्भीर प्रमाण हो ।

चीनको एकीकृत राष्ट्रिय बजार निर्माणका सुधारले यो दृष्टिकोणलाई व्यवहारमा उतारेका छन् । यसले उद्यमलाई बजारमा प्रवेश र विस्तारका लागि थप अवसर दिएको छ । नियम देशभर समान रूपमा लागू हुँदा व्यवसायले प्रशासनिक अनिश्चितता घटाएर उत्पादन, अनुसन्धान र रोजगारी सिर्जनामा ध्यान दिन सक्छन् ।

यस्तै, बजार नियमन राज्य प्रशासनले सन् २०२६ मे महिनाको मध्यतिर निजी अर्थतन्त्रको विकासका लागि ३४ प्रमुख कार्य समेटिएको योजना सार्वजनिक गरेको थियो । निष्पक्ष प्रतिस्पर्धा, उद्यमसँग सम्बन्धित शुल्कको निगरानी, नियमनमा सुधार र निजी क्षेत्रलाई सेवा प्रवाह त्यसका मुख्य पक्ष थिए । यी सुधारले देखाएको दिशा र तिनलाई निरन्तरता दिन आवश्यक शासन अनुशासनबीचको सम्बन्धले पाँचौं बैठकको महत्त्व अझ स्पष्ट पार्छ ।

बैठकले अधिकारीको व्यवस्थापन, पार्टी सङ्गठनको क्षमता, अनुशासन र निगरानी प्रणालीलाई बलियो बनाउने विषयमा जोड दिएको छ । विकासको मूल्याङ्कन पनि तत्काल देखिने निर्माण कार्यमा मात्र सीमित रहनु हुँदैन । कुनै परियोजनाले दीर्घकालमा उत्पादन, रोजगारी र जनजीवनमा कस्तो योगदान पुऱ्यायो भन्ने मापन हुनुपर्छ । जनताको हितभन्दा औपचारिक सफलता र प्रशंसात्मक विवरणलाई महत्त्व दिने प्रवृत्ति सच्याउने प्रयासले नीति र वास्तविक परिणामबीचको दूरी घटाउन सक्छ ।

बैठकले सार्वजनिक स्रोतको दुरुपयोग रोक्न दोषीमाथि कडा कारवाही गर्नुपर्छ, साथै, अनियमिततालाई जन्माउने कमजोरी पहिचान गरी संस्थागत रूपमै सुधार गर्नुपर्छ । भ्रष्टाचार गर्ने आँट, अवसर र चाहना तीनै पक्ष रोक्ने एकीकृत उपायमा जोड दिनुले यसलाई क्षणिक अभियान नभई निरन्तर राष्ट्रिय जिम्मेवारीका रूपमा लिएको देखाउँछ । नवप्रवर्तन र नयाँ उद्योगको विकासमा अनुशासनसँगै विवेकपूर्ण निर्णय आवश्यक हुन्छ । नयाँ प्रविधिमा जोखिम र अनिश्चितता रहन्छन् । स्पष्ट नियम, निष्पक्ष मूल्याङ्कन र सुधारको अवसरले जिम्मेवार प्रयोगलाई प्रोत्साहित गर्छ । सरकारी निकायले उद्योगका आवश्यकता बुझेर नीति निर्माण गर्दा अनुसन्धान, उत्पादन र लगानीका नयाँ सम्भावना खुल्छन् । नेपाली दृष्टिले चीनको अनुभव अध्ययनयोग्य छ । दीर्घकालीन योजना, सबै तहमा समान रूपमा लागू हुने नियम, सार्वजनिक स्रोतको उत्तरदायी उपयोग, उद्यमका लागि स्थिर वातावरण र विकासलाई नागरिकको हितसँग जोड्ने अभ्यास नेपालका लागि पनि महत्त्वपूर्ण छन् । चीनको मूल पाठ भने सबै देशका लागि उपयोगी छ—राष्ट्रिय उद्देश्यप्रति प्रतिबद्ध नेतृत्व, सक्षम संस्था र जनताप्रतिको उत्तरदायित्वले विकासलाई गति दिन्छ ।

आत्मअनुशासन चीनको विकास यात्राको सुदृढ आधार हो । पार्टीलाई निरन्तर सुधार्दै, भ्रष्टाचारविरुद्ध कठोरता अपनाउँदै र आर्थिक रूपान्तरणलाई जनहितसँग जोड्दै अघि बढेको चिनियाँ कम्युनिस्ट पार्टीको पहल समर्थन र सम्मानयोग्य छ ।

लेखक: प्रेम सागर पौडेल नेपालका वरिष्ठ पत्रकार र अन्तर्राष्ट्रिय सम्बन्ध विश्लेषक हुनुहुन्छ ।



Why Is Kashmir Becoming a Volcano¿



27 October, Kashmir bleeds under Indian illegal occupation.

By Rajan Karki----------

The bloodshed in Kashmir began on 27 October 1947, when Indian troops landed in Srinagar. For Kashmiris, this was the day India took control of Jammu and Kashmir against the wishes of its people and in disregard of the Indian Independence Act and the Partition Plan. Consequently, Kashmiris remember 27 October as a Black Day in Kashmir's history and observe it annually as such.""In remembrance of this Black Day, friends of Kashmir around the world express their solidarity with the Kashmiri people.

The plan to partition British India into India and Pakistan was announced on 3 June 1947. According to the plan, Hindu-majority regions were to join India, while Muslim-majority regions in the western provinces and eastern Bengal were to become part of Pakistan. This arrangement was subsequently approved by the British Parliament on 18 July 1947. At that time, there were also 568 princely states, which became independent and were advised to accede to either India or Pakistan.

On 19 July 1947, a meeting of the Jammu and Kashmir Muslim Conference was held at Abi Guzar in Srinagar. The meeting passed a resolution favoring accession to Pakistan, noting that Jammu and Kashmir had an 87 percent Muslim majority.

India emerged as a violator of the agreed principles of partition. It disregarded the rules, conditions, and understandings of division and intervened in Hyderabad, Junagadh, and Kashmir to establish control. At that time, Maharaja Hari Singh ruled Jammu and Kashmir. In agreement with leaders of the Indian National Congress and British authorities, he announced accession to India through the so-called Instrument of Accession. The details of that agreement remain controversial. This accession became the root of the Kashmir dispute, a poisonous tree whose effects continue to shape Kashmir's future even after 79 years.

British historian Alastair Lamb is among those who challenged India's claim regarding the Instrument of Accession. In his book The Birth of a Tragedy, he argued that Indian troops had entered Kashmir before the document was allegedly signed. For this reason, critics argue that India has never been able to publicly present the original document before international forums. Kashmiri researchers such as Andrew Whitehead and Basharat Hussain Qazibakhsh have also questioned India's claims, describing the document as disputed and arguing that no original document has been conclusively produced. Adding to the controversy, India's archives reportedly declared the document missing.

A Boundary Commission headed by British lawyer Sir Cyril Radcliffe was established to draw partition boundaries. The commission's decision to award the Gurdaspur district to India, thereby providing India direct access to Jammu and Kashmir, further complicated the dispute. Some analysts therefore regard the British boundary arrangements as a major factor in the origin of the Kashmir conflict.

As opposition to Indian control intensified, the Kashmir issue eventually reached the United Nations.

Kashmir at the United Nations

Strong Kashmiri resistance placed India in a defensive position. On 1 January 1948, India referred the Kashmir dispute to the United Nations Security Council.""Debates were held in the Security Council, which subsequently adopted a number of resolutions. Both India and Pakistan initially accepted these resolutions. Among the key provisions were granting the Kashmiri people the right to self-determination and conducting a plebiscite under United Nations supervision. While Indian leaders initially accepted these resolutions, critics argue that India later retreated from those commitments and increasingly described Jammu and Kashmir as an integral part of India.

Rising Kashmiri Resistance

The dispute continued to intensify because the UN resolutions were accepted but never fully implemented. Kashmiri resistance gained momentum. In 1989, Kashmiris intensified their struggle for self-determination, presenting both a warning and a challenge to India.

From January 1989 to September 2018, according to figures cited by Kashmiri sources, large-scale military operations took place. These sources claim that 95,129 Kashmiris were killed, 22,882 women were widowed, 107,723 children were orphaned, and 11,082 women suffered sexual violence. They also report that more than 8,000 young people were arrested or disappeared.

The movement for self-determination in Kashmir has not ceased. A major uprising occurred in 2008. On 8 July 2016, popular young Kashmiri leader Burhan Muzaffar Wani was killed. Following his death, protests and resistance intensified significantly. Reports alleged that Indian security forces used pellet guns against Kashmiri protesters, causing deaths, injuries, blindness, and permanent disabilities.

India continues to suppress Kashmiri activists under allegations of terrorism, while supporters of the independence movement remain committed to their cause. Despite extensive security measures, the movement has not been eliminated. Critics argue that India seeks to integrate all of Kashmir into India and alter its Muslim demographic composition.

Measures cited include the revocation of Articles 370 and 35A of the Indian Constitution, granting Indian citizens the right to settle in Jammu and Kashmir, and increasing pressure on local residents through various state institutions and security mechanisms.

Pakistan, meanwhile, has consistently supported what it describes as the Kashmiri people's right to freedom and self-determination. Pakistan maintains that a peaceful resolution of the Kashmir dispute is essential for lasting peace in South Asia. Despite facing diplomatic and military pressure from India, Pakistan has continued to support the Kashmir issue internationally.

Some Positive Developments

19 January 2017 saw a serious debate on Kashmir in the British Parliament.

On 18 July 2018, the European Parliament issued a document addressing the history of Kashmir and the relevant United Nations resolutions.

The All-Party Parliamentary Group on Kashmir in the UK also initiated further research into the situation in Kashmir.

On 14 June 2018, the United Nations High Commissioner for Human Rights published a report expressing concern about the human rights situation in Kashmir.""According to the Kashmir Human Rights Report, between 1989 and 2026, 7,421 people were allegedly killed after being arrested, 950,151 were severely beaten or tortured, 4,592 were injured by pellet guns, including 139 who lost their eyesight. A total of 184,675 people were forcibly detained, 22,997 women were widowed, and 108,015 children were left without support.

These developments prompted expressions of concern regarding the human rights situation, including from the President of Chile.

On 1 May 2026, the United Nations Human Rights Commission adopted a resolution expressing concern, while on 18 June 2026 various international organizations issued a joint statement condemning what they described as abuses committed by Indian security forces against Kashmiris. Amnesty International also publicly expressed concern on 18 June 2026, and on 23 July 2026, the SOS Torture Network voiced serious concern. On 24 July 2026, the International Federation of Journalists issued a statement describing the situation as intolerable. Numerous international organizations, individuals, and commissions have continued to call for a resolution of the Kashmir issue. International media outlets such as Al Jazeera, Islamicity, Sri Lankan Guardian, Middle East Eye, and TRT World have, from time to time, drawn global attention to the need for resolving the Kashmir dispute.

Kashmiris and peace-loving people around the world continue to observe 27 October as "Black Day", demanding a resolution to the Kashmir issue. The purpose of observing Black Day is to remind the international community of its responsibility to resolve the dispute in accordance with United Nations resolutions and the wishes of the people of Jammu and Kashmir. It is also intended to remind India of its responsibilities. Another purpose of Black Day is to convey the message that the Kashmiri people will continue their struggle until they obtain the right to self-determination.

India has fallen asleep in the pursuit of its own interests, or rather, it is pretending to be asleep. One can awaken a person who is genuinely asleep, but it is extremely difficult to awaken someone who deliberately keeps his eyes closed while awake.

The Kashmiri voice declares:

Blood cannot wash away the quest for freedom.

27 October, a date carved in pain and blood.

27 October Black Day, the day the troops landed.

27 October, Kashmir bleeds under Indian illegal occupation.

The same question is being raised across the world:

When will Kashmiris be allowed to determine their own future¿

For this reason, the significance of 27 October continues to grow.

After India incorporated Jammu and Kashmir into its political map on 5 August 2019, the Kashmir issue has increasingly become like a volcano. Further bloodshed has been inflicted upon the Kashmiri people.

For this reason as well, the observance of 27 October as Black Day and the Kashmiri struggle for freedom have come to be seen as a movement for justice and a quest for rights.





Sandakpur of Ilam, an Attractive Tourist Destination

Sandakpur in Ilam is an attractive destination for tourists. With Tourism Year set to begin in three months, concerns have arisen in Sandakpur, a place from where visitors can enjoy panoramic views of Darjeeling and much of West Bengal, India. The Indian border security force, SSB (Sashastra Seema Bal), has allegedly started encroaching on the area and constructing structures there.

India has also reportedly obstructed the construction of a view tower that was being built by Sandakpur Rural Municipality. Nepalis, keeping the upcoming Tourism Year in mind, had begun constructing hotels within Nepali territory beyond the ten-yard no-man's-land. However, it is alleged that armed intimidation has been used to create fear in the area.

Of the 146 border pillars located in this region, only 70 reportedly remain, while the rest are said to have been uprooted and removed by the SSB.

नेपालमा माओले भनेजस्तो सर्वहारावादी नेता अभाव





डा.शास्त्रवत्त पन्त

बाबरको समयदेखि औरङ्गजेबसम्म अनि त्यस बेलादेखि आजसम्म दारा सिकोह, एम.जे.अकबर र सलमान हैदरहरू इस्लामी आततायीको विरोध गर्न कहिल्यै डराएनन् ।

कैयौं मानिस गरिब भएर धनका लागि आततायी बन्दछन्, जिहादी बन्दछन् भन्ने हो भने ओसामा बिन लादेन खर्वपति थिए । सेप्टेम्बर ११, २००१ को घटनामा एकैचोटि चारचारवटा जेट प्लेन अपहरण गर्नेहरू पनि गरिब र अपठित थिएनन् । आततायी मानसिक अवस्था हो । यो जन्मजन्मको संस्कारले बन्दछ । इसाई र मुसलमान धर्म नभएकाले संस्कार जन्मन सक्तैन । यी आततायीको मानसिकता भौतिक उपभोक्तावादी सोचका कारण प्रतिधात्मक राजनीतिक मानसिकतामा छ, धर्मसँग लिनुदिनु छैन । त्यस कारण यस्ता अशान्ति मच्चाउने आततायीबाट मुक्ति पाउन स्वामी सुब्रह्मण्यम अनुसार आफू पनि आततायी हुनुपर्छ भन्ने कुरा धर्मसङ्गत हुँदैन । हुनुपर्ने के हो भने इसाई र मुसलमानलाई पनि वैदिक संस्कार अनुसारको सिभिल कोडलाई नै अनिवार्य गराउने, एउटा मात्र ऐन हुने बनाउनु हो । संस्कृत भाषालाई अनिवार्य पढाउने, माध्यम भाषा बनाउने हो । इन्डियालाई वैदिक सनातनी हिन्दुराष्ट्र घोषित गर्ने, जो सन्तति हिन्दुबाट इसाई मुसलमानमा परिवर्तित गराइएका हुन् तिनलाई मात्र पूर्व संस्कारमा फर्कन अनुमति दिने हो, सबैलाई होइन । ती पनि एक पुस्ता संस्कारमा बसेपछि ग्रहण गर्ने जाती हुन्छ । धर्मलाई सम्प्रदायमा परिवर्तन गराउन नपाउने कानून पारित गर्नुपर्छ । धर्मको ज्ञान, नैतिक आचरण, संस्कार र विज्ञानसङ्गत महत्त्व बुझिने शिक्षा दिने, जातपात जन्मको आधारमा नहुने बनाउने; अपशब्द, गाली गलोच र निन्दा गर्न नपाउने; स्पष्ट कानून बनाएर परिपालन गराउनुपर्छ । यसो भएपछि वैदिक शिक्षाले विश्वभरका आततायीहरूलाई दुई पुस्तामा अन्त्य गर्न सम्भव छ । यो गर्न गाह्रो कुरा छैन । नेपालमा ९४ र भारतमा ८३ प्रतिशत हिन्दु कायम छन्, पाँचै वर्षमा उत्थान गर्न सकिन्छ । यसै आधारमा मत खसाल्न सक्ने गरी आधा मात्र हिन्दुलाई तयार गर्न सके सहजै कानून र संविधान परिवर्तन गर्न सकिन्छ ।

मध्यपूर्वको बेबिलोन, मेसोपोटामिया, अफगान, पर्सिया, सिन्ध, विक्रमशिला, नालन्द, तक्षशिला सम्पूर्ण विकास वैदिक सभ्यताकालमै भएको हो । पुष्पकविमान लगायत ठुलठुला अन्तरिक्षको खोज पनि धर्मले नै गरेको हो । मुसलमानी मजहब सुरू भएपछि तिनलाई भत्काउने काम मात्र भएको छ । यस मजहबले बाबर, औरङ्गजेब, आयोतुल्ला खुमेनी, बिन लादेन, इदिअमिन, हुसेन, तुगलक, नसरल्लाजस्ता मानिस र जिहादी आततायी मात्र जन्माएको छ । विश्वमा ख्यातिप्राप्त ऋषि महर्षि दार्शनिक, वैज्ञानिक, साहित्य संगीतका ज्ञाता भारद्वाज, कालिदास, भारवीहरू जन्माउने सकेको छैन । गलत स्कुलिङ : १. नारायण कटारियाका अनुसार सन् १९४७मा पाकिस्तान विभाजन भएपछि पाकिस्तानबाट १ करोड हिन्दुलाई देशनिकाला गरियो । पन्धौं लाख हिन्दुसिखबौद्धहरू जिहादीबाट हत्या गरियो । निर्दयी, जङ्गली, अपरिष्कृत जिहादीहरूबाट तिनका छोरीहरूलाई अपहरण, बलात्कार, दुर्व्यवहार गरेर सताइए । पाकिस्तानबाट बङ्गलादेश छुट्टिने नाममा सन् १९७१ मा २५ लाख हिन्दु मारिए, काश्मीरका ५ लाख हिन्दु धपाइए । हिन्दु मात्र होइन अफगानिस्तान, इरान, इराक, सिरिया, लिबिया लगायत कैयौं मुसलमान मुलुक पनि शान्तिसँग बस्न सकेका छैनन्, दिनहुँ हत्या हिंसा भएका छन् । जिहादीले विश्वभरी भय र त्रासदीयुक्त बनाएका छन् । रक्षा र सुरक्षा भावना नै हराएको छ । त्यस कारण धर्मका आदर्शलाई केही समय थाती राखेर आपद धर्म लागू गर्नपरेको छ । आततायी, असभ्य र जङ्गलीपन, सर्वहारा अधिनायकवाद तथा सर्वस्व लुटपनको अन्त्य गर्ने पद्धति हटाएर धर्मराज्य स्थापना गर्नपरेको छ ।

२. मदरसा भनेको इस्लाम धर्म शिक्षा दिने विद्यालय हो । इमामहरूले यसलाई सञ्चालन गर्दछन् । मदरसाको तीन भाग इस्लाम सम्प्रदायको वहाबी उपसम्प्रदायले चलाउँछ । यहाँबाट उत्पादन हुने विद्यार्थी (तालेबान) हुन्छन् । यिनलाई बालक कालदेखि नै एकोहोऱ्याएर पढाइन्छ, एकोहोरे बनाइन्छ । त्यसमाथि थप तालिम दिएर तालिबानलाई जिहादी (लडाकू) बनाइन्छ । त्यसमाथि फेरि तालिम थपेपछि जिहादी आततायी बन्दछन् । मदरसाले हरेक वर्ष लाखौं तालिबान उत्पादन गर्दछन् । त्यसमध्ये कमसे कम बीस प्रतिशत जिहादी बन्दछन् । जिहादीले अल्लाहको नामको दुरूपयोग गरेर विश्वभरका अनजान सर्वसाधारणको हत्या गर्दछन्[९], आततायी मच्चाउँछन् । अनि सरिया कानून लागू गराउँछन् । सरिया सर्वहाराको तानाशाही भन्दा चर्को प्रजातन्त्र विरोधी (बलतप्तजभकप्क या मभकयअचबअथ) हो । यो स्वभावमा उग्र निर्दयी (मभचयनबतयचथ) र प्रजातान्त्रिक समाजमा अमिल्दो हुन्छ । नारीलाई पुरूष सरह अधिकार दिन इन्कार गर्छ । यसले दिने दण्ड अङ्गभङ्ग र शिरकलाम नै हुन्छन्, वीभत्स स्वरूपका ।

३. इस्लामले सन् १२३६ सम्म पश्चिम युरोपमा शासन गर्न कालिफेट (ऋवष्टिजबतथ) नामक संस्था चलाएका थिए । यो समय इस्लाम बाहेकका आम जनतालाई सास फेर्न गाह्रो तथा दासत्व स्वीकार गर्नै पर्ने (कगाायअबतष्वन बलम भलकबिबभभलत) खाले थियो । अरू आस्थाका केन्द्रहरू सबै तोडफोड (खबलमबष्ठिभम बलम मभकतचयथभम, भह तचभभ दचगतबष्तिष्भक बलम कबखबनभचष्भक) गरिए । गैर मुसलमानलाई अन्याय अत्याचार, दमन गरेको अवस्थामा यिनले गौरव गर्छन्, त्यस अवस्थालाई कार्दोवा (Cordoba) भन्दछन् । तुर्किस्थानका प्रधानमन्त्रीले यसलाई पुष्टि गरेका थिए । यो भनाइ बिन लादेन, नसरल्ला, आयातुल्ला, इमाम अबलकीको भन्दा फरक होइन । बदमासी काम गर्न झुटो बोल्ल, ठग्न, ढाँट्न पनि पाइन्छ । यसलाई ल अफ अल तकिया भनिन्छ । डा.बाबुसरिनका अनुसार ६० प्रतिशत इस्लामिक लेखन राजनीतिक हुन्छन्, ३१ प्रतिशत जिहादी हुन्छन् । ९ प्रतिशत मात्रै मजहबी हुन्छन् । डा. बाबु सुशीलनका अनुसार शताब्दीऔँदेखि विश्वका धेरै सभ्यताको विनाश भएको छ, मुसलमान बन्न नचाहने दश करोड गैरमुसलमान मारिएका छन्, न्यूयोर्कको वर्ल्ड ट्रेड सेन्टरको हमलापछि मात्र १५,१०१ वटा आततायी हमला भएका छन्, तिनमा ७५,००० सर्वसाधारण मारिएका छन्, काफिरलाई विश्वबाटै अन्त्य गर्ने उनीहरूको धारणा कायम छ । यसरी जिहादीको आस्था र विश्वास नै गलत छ । त्यस कारण इस्लामिक विचारलाई सुधार्नपर्ने कुरा विद्यालयका तल्लो कक्षादेखि पढाइनुपर्छ ।

पश्चिमाका चिन्तकले समेत महसुस गरेका चार बोगस माइन्ड मध्ये इस्लाम र इसाईपछि साम्यवादीयत (मार्क्सवाद) र पुंजीवादीयत पर्दछन् ।

भौतिक पभोक्तावादी सोच) :

इसाईयत मुसायित सरह दर्शन र स्कुलिड्ड दुवैमा गलत मार्ग अँगालेको छ । त्यसका अतिरिक्त यसले पुँजीवादियतताको नाममा भौतिक उपभोक्तावादलाई विश्वभर स्थापित गरेर दुई आवरणमा काम गरिरहेको छ । भित्री आवरणमा इसाईयत र बाहिरी आवरणमा उदारीकरण, उदार अर्थनीति, त्यसलाई सघाउने मेकाउलियन शिक्षापद्धति तथा फुटाऊ र शासन गरका लागि रवर्ट चेम्बरको पुटिड्ड दी लास्ट फ्रस्ट रागनीति बोकेको छ । इसाईयत र उपभोक्तावादी व्यापारी राजनीतिको जगका रूपमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था जगमा राखिएको छ भने र मुलुकलाई निर्देशन दिन दातृराष्ट्रका नाममा अनुदान मिसन केन्द्रमा राखेको छ । यस नीतिले विश्वको धनसम्पत्ति खैँचेर विश्वका सबै मुलुक आशेगासे बनाइराख्ने, तिनको सबै आर्जन लुट्ने काम नीतिगत रूपमै गराइराखेको छ । आर्जेको धनले विश्वभर युद्ध चर्काउने काम गरिरहेको छ । यो काम नै आजको चर्को आततायी कृत्य हो । यसले विश्वलाई चयनसित बाँच्न नसक्ने आततायी काम गरिरहेको छ । जति पनि नाफा खान पाउने, ७०० हजार गुनासम्म खान पाउने, राज्यलाई कर तिरेपछि त्यो इमानदारको कमाई हुने भएबाट विश्वमा मत्स्यन्यायको सुरूआत भएको छ । जहाँ अवसर पायो त्यहाँ ठगिएको छ । ठग्नेको सिन्डिकेट लहर हुन्छ । अन्तिम ठगिने सर्वहारा कमजोर श्रमी उपभोक्ता हुन्छ । विश्वको धन १०० जना खर्वपतिमा एकत्रित हुन्छ । आज नै विश्वको आधा सम्पत्ति केवल १०० जना खर्वपतिसँग छ । त्यसको ४० प्रतिशत त्यस लहरका बाँकी ९०० मानिससँग छ । ती १०० धनाढ्य बाँकी ९०० लाई गरिब बनाउन अर्थात् खर्वपतिबाट भ्वार्न, नौ शयहरू अर्बपतिलाई, अर्बपतिहरू करोडपतिलाई, करोडपतिहरू लखपतिलाई, लखपतिहरू हजारपतिलाई, हजारपतिहरू घरबारविहीन श्रमिक र मजदुरलाई ठग्ने, लुट्ने काममा व्यस्त छन् । क्रमस...

मलाई थाहा छ, मलाई केही थाहा छैन



सुरेशकुमार पाण्डे

विज्ञानले मानिसलाई कहाँबाट कहाँ पुर्‍यायो तरपनि मानिसले त्यही विज्ञानलाई ओजेलमा पार्ने प्रयास गर्दैछन् । मानिसहरू अचम्भका हुन्छन् । भौतिक जगमा उभिएर पनि अभौतिक गुणगान गर्छन्, चट्टक मन् पराउँछन् । हाम्रो समाज भर्दै नभएको विषयमा आस्था राख्ने प्राणीको उपेक्षा र दुङ्गामा प्राण हाल्ने प्रयासमा रहन्छन् । कुनै दुङ्गाको मूर्ति बनाएर त्यसैमा प्राण हाल्ने पक्षमा हुन्छ ।

जसले नयाँ खोज गर्यो उसलाई सम्मान् गर्नु र प्रोत्साहन गर्नु भन्दा पनि जसको कुनै पनि भूमिका छैन, उसैलाई खोजकर्ताको श्रेय दिने गरिन्छ । मानव समाज सदियौं देखि भ्रममा गोलचक्र काटिरहेको हुन्छ । सबैलाई थाहा छैन जीवनलाई सहज पार्ने यो सारा जगतमा खोज कर्ता विज्ञान हो भौतिकवाद हो तर अलौकिक शक्ति ठान्दछ ।

जिउँदा भगवानहरूलाई अपमान गरेका ती महान औलादहरू माटोका मुर्तीहरूमा प्राण खोज्छन्, जिउँदा बा आमाका गोडामा तेल कहिल्यै नघसारेका महान छोराहरू मृत्युप्रान्त खरानी बनेका हाडहरूलाई बोकेर गण्डकी, अयुद्या लगायतका धार्मिक सेरोफेरोमा शरण लिन पुग्छन् । ताकि मृत्यु पछि वा आमाको आत्मा भड्केर आफूले कुनै जोखिम उठाउन नपरोस् । कस्तो यो समाज हो? जीउँदा भगवानलाई अपमान गर्ने र आफूले कहिल्यै नदेखेको चिजको कल्पना गर्ने र त्यसैलाई सत्य ठान्ने ।

सयौं वर्ष देखि कयौं दार्शनिकहरू अथक प्रयास गरे । पूरा भौतिक जीवन लगाएर सत्य तथ्य पत्ता लगाउने ठूलो जमकों गरे । उनिहरूले भावी पुस्ताका लागि उज्यालो बाटो देखाउन जीवनभरि आफूले अँध्यारो यात्रा गरे । उनै महान आत्माहरूले गर्दा विकासले आज मानव समाजलाई 'टच' बनाएको छ प्रविधिले धेरै सुविधा प्राप्त भएको हामीले देखिरहेका छौं । भोगिरहेका छौं । सदियौं देखि सत्य र तथ्यको खोजमा आजीवन लगाउने कयौं दार्शनिकहरू भेटिन्छन् ।

त्यस्तै एथेंसका एउटा दार्शनिक सुकरात भन्छन् "सत्यको खोज आफैबाट सुरू हुन्छ, अरूबाट होइन ।' यही वास्तविकता हो । सत्य कहाँ छ त्यो कुन चराको नाम हो? त्यसलाई कहाँ खोज्ने यही सवालको जवाफ सुकरातले दिएका छन् । "सत्यको खोजी आफैबाट गर ।'

मानिसले सत्यलाई परमात्मा भन्छ र कुनै विपत्तीमा उहि परमात्माको जाप गर्छन् । त्यो सङ्घटबाट आफूलाई जोगाउने प्रयास नै गर्दैन भाग्य, चट्टकमा विश्वास गर्छ । परिणाम त्यो झन् ठूलो भयङ्कर सङ्घटमा पर्छ । रोग पत्ता लगाउनु भन्दा रोग निको पार्नु समाधान हो ।

सुकरात यसैलाई लिएर धेरै छलफलहरू गर्ने प्रयास गर्दथे । उनि (लगभग ४७०-३९९ ईसा पूर्व) "ग्रिस' युनानको एथेंस सहरमा एक महान दार्शनिक थिए तर पनि उनले कुनै पुस्तक लेखेनन् । उनलाई आधुनिक सभ्यताको प्रवर्तकसमेत भन्ने गरिन्छ । उनले प्रश्न उत्तरको माध्यमबाट सत्यको खोजी गर्ने विधि अपनाएका थिए ।

उनलाई युवाहरूलाई बिगारेको र नयाँ देवताहरूलाई मानेको झुटा आरोप लगाइयो र उनलाई अदालतले विष (हेमलॉक) पिएर मर्नु पर्ने सजाय सुनायो । उनि करिब ७१ वर्षको आयुमा खुसी खुसी विष पिएर आफ्नो प्राण त्यागे । उनैका शिष्य प्लेटोले पछि उनैको पर्दाचिन्हमा हिंडे उन्को बारेमा संसारलाई चिनाए । कुनै पनि दार्शनिक वा वैज्ञानिकहरूले अगाडि सारेको विषयमा टेकेर नै नयाँले अन्य विषयको पत्ता लगाएका हुन्छन् । नयाँले पुरानाका असल कृयाकलाप पच्छ्याएनन् भने त्यसको विकास हुन सक्दैन । तर पुराना व्यक्ति अर्थात पुरानो पुस्ताले गर्दा विकासले आज मानव समाजलाई 'टच' बनाएको छ प्रविधिले धेरै सुविधा प्राप्त भएको हामीले देखिरहेका छौं । भोगिरहेका छौं । सदियौं देखि सत्य र तथ्यको खोजमा आजीवन लगाउने कयौं दार्शनिकहरू भेटिन्छन् ।

त्यस्तै एथेंसका एउटा दार्शनिक सुकरात भन्छन् "सत्यको खोज आफैबाट सुरू हुन्छ, अरूबाट होइन ।' यही वास्तविकता हो । सत्य कहाँ छ त्यो कुन चराको नाम हो? त्यसलाई कहाँ खोज्ने यही सवालको जवाफ सुकरातले दिएका छन् । "सत्यको खोजी आफैबाट गर ।'

मानिसले सत्यलाई परमात्मा भन्छ र कुनै विपत्तीमा उहि परमात्माको जाप गर्छन् । त्यो सङ्घटबाट आफूलाई जोगाउने प्रयास नै गर्दैन भाग्य, चट्टकमा विश्वास परिवारबाट सन्तुष्ट नहुन सक्छन् ।

उनको बारेमा थुप्रै कुरा मुख्यतया प्लेटो, जेनोफन र अन्य प्राचीन लेखकहरू द्वारा बाहिर आएका थिए । उनि न राजा थिए न कुनै अध्यापक तर पनि उनको विचारले पुरै पश्चिमी दर्शनको दिशा बदलिदियो भनिन्छ । उनले मानिसहरूसँग प्रश्न गरिरहन्थे र आएका उत्तरहरूको जाँच गर्थे । त्यसपछि ती उत्तरहरूमा जोडिएका नयाँ सवाल सिर्जना गर्थे । विस्तारै सामनेवालालाई आफ्नो सोचमा लुकेको विरोधाभाष देखिन थाल्थ्यो । उनि भन्थे "सही सवाल, सही उत्तर भन्दा अधिक महत्वपूर्ण हुन्छ ।'

सुकरातको मान्यता थियो की मानिसलाई सबभन्दा पहिले आफैलाई जाँच गर्नुपर्छ । आत्म-परीक्षण नै बेहतर इन्सान बन्ने सुरूवात हो ।

उनि एउटा यस्ता दार्शनिक थिए जसले सबथोक एउटा सवालको कठघेरामा उभाइदिएका छन् । उनि भन्छन् "जो जीवन जाँच-पड्ताल गरिदैन त्यो जीवन जिउने योग्य हुँदैन ।'

उनि अगाडि भन्छन् "मलाई थाहा छ की मलाई केही पनि थाहा छैन ।' के सुकरातको यो कथनमा अहंकार लुकेको छ त? कतिपयले अहंकारी पनि बताउँथे भनिन्छ । उनको वास्तविक मक्सद थियो "साँचो ज्ञान त्यहींबाट सुरू हुन्छ जहाँ हामी आफ्नो अज्ञानतालाई पहिचान गर्न सक्छौं ।' उनि उनीहरूसँग असहमत थिए जसले थोरै जानकारी हासिल गर्नुलाई नै पूर्ण सत्य ठान्दथे ।

सुकरातको मुख्य सवाल थियो मानिस कसरी जिउनु पर्छ ?

यद्यपि हामी देखिरहेका छौं सत्य अहिलेपनि एक्लो छ र असत्यको बोलवाला छ । यदि सय जनाले एकजनालाई पागल भन्छन् भने अरू सबैले उसैलाई पागल भन्छन् तर सत्य अटल रहिरहन्छ ।

उनका लागि दर्शनको अर्थ थियो- आफ्नो जीवनको जाँच गर्नु ।

उनलाई एथेन्समा युवाहरूलाई भ्रष्ट गर्ने, र धार्मिक मान्यताको अनादर गर्ने आरोप पनि लाग्यो । ३९९ ईसा पूर्वमा उनलाई मृत्युदण्ड दिइयो । यद्यपि उनिसँग भाग्ने अवसर पनि थियो तर उनले आफ्नो सिद्धान्तसँग सम्झौता गर्नुभन्दा मृत्यु रोजे । उनको लागि दर्शन केवल विचार थिएन वरू मानव जीवनमा जिउने एउटा माध्यम थियो । उनि भन्छन् "एउटा राम्रो मानिस हुनका लागि मृत्युसँग डराउनु हुँदैन वरू जुध्नु र सामना गर्नुपर्छ ।' सुकरातको विश्वास थियो की साँचो ज्ञान र सद्गुण आपसमा जोडिएका हुन्छन् । यदि कुनै व्यक्ति वास्तवमा सम्झिन्छ की न्याय र सत्य के हो त्यो वेला उसको व्यवहारमा पनि त्यसको प्रभाव हुन्छ । नराम्रो क्रियाकलाप अक्सर अज्ञान, भ्रम वा गलत समझबाट पैदा हुन्छन् ।

मानिसलाई जीवनको कला सिकाउने असाधारण व्यक्तित्वका धनी सुकरातलाई हेमलक नामक विष दिएर मृत्युदण्ड दिएको थियो । भनिन्छ उनको तीनवटा सन्तान थिए तर पत्नीसँग राम्रो मेल भने थिएन । जसले असत्य मान्नुभन्दा मृत्यु रोजे यस्ता महा पुरूषहरूले नै आज यो संसारमा प्रविधिको विकास गराउन सफल भएका हुन् ।

हाम्रो समाजले बोक्सी र झाँक्रीका कथा सुनाउँछन्, कथा लेख्छन् अनि उनीहरू बोक्सी र झाँक्रीको प्रभावमा पर्छन् । उनीहरूलाई कसैले भन्यो भने फलानो बोक्सी लागेर तिम्रो मायाको मृत्यु भयो, उसले केही देख्दैन, केही सोच्दैन, केही जाँच गर्दैन मात्र उसलाई मार्ने प्रयास गर्छ । कस्तो चट्टक छ? हाम्रो समाजको ओरिपरी भौतिक संरचना छन् तर मानिसभित्र अभौतिक जाल बनेको हुन्छ । त्यही त हामी श्रमजीवीहरूको एकताको दुश्मन् हो । मुक्तिको दुश्मन हो र देशभित्र हुने आमूल परिवर्तनको पनि त्यो महा दुश्मन् हो ।

कार्ल मार्क्सले "धर्मलाई अफिमको नशाको संज्ञा किन दिए?' यही कारण थियो उनीहरू अर्थात् वर्गिय एकताको बाधक यही चट्टक र समाजमा घर जमाएको अंधविश्वास हो । वर्गियकरण बिना क्रान्ति सम्भव हुनसक्दैन र सामाजिक विभेद नहटाईकन वर्गिय एकता हुन सक्दैन । कति गहिरो रोग पत्ता लगाए उनले रोग मात्र पत्ता लगाएका होइनन् वरू त्यसको उपचार समेत देखाए । तर पनि यो अफिमको मात अहिले पनि बरकरार देखिन्छ । आजपनि स्वर्ग र नर्कका कुरा हाम्रो समाजमा छन् । कसैले न त स्वर्ग देख्यो न त्यो स्वर्गको ठेकाना थाहा छ ।

त्यसैले जानकार भन्छन् ज्ञान प्राप्त गर्नका लागि सुकरात जस्ता दार्शनिकहरूको जीवन पढनुपर्छ । न्युटन, प्लेटो, ग्यालिलियो, मार्क्स लगायतका तमाम दार्शनिकहरूका विचारबाट हामीले धेरै कुरा सिक्न सकिन्छ । हामीले धेरै बुझेका हौंला तर अझ कति हो कति बुझ्न बाँकी नै छ । त्यसैले म भन्छु मलाई थाहा छ की मलाई केही थाहा छैन । मलाई सर्वप्रथम आफैलाई बुझ्नु छ । आफूलाई सुधार्नु छ यदि हामीले आफूलाई सुधार गर्छौं भने समाजबाट सबै गलत व्यवहारको अन्त्य हुनेछ ।

नेपाल चीन रेलमार्गको चित्र



नेपाल चीन रेलमार्ग अध्ययन पूरा भएको छ । प्रतिवेदन तैयार भएको जनाउ आएको छ । रेलवे विभागका अनुसार सम्भाव्यता अध्ययन प्रतिवेदन नेपाललाई हस्तान्तरण गरेपछि निर्माण के कसरी गर्ने, स्रोत साधनका विषयमा नेपालले निर्णय गर्नेछ ।


छिटै नेपाल चीनका अधिकारीहरूको बैठक बस्ने तैयारी सुरू भएको छ । यही बैठकमा रेलमार्गको अध्ययन रिपोर्टका सम्बन्धमा निष्कर्ष, अनुमानित लागत, यातु तथा सामान ढुवानी क्षमता र विद्युत् आवश्यकताका आधारमा रेलवे योजना अघि बढाउने विषय निष्कर्षमा पुग्नेछ । यो रेलवे अध्ययनका अनुसा रेलमार्गको ९४ प्रतिशत भाग सुरुङ मार्गमा बन्ने योजना छ भने बाँकी खुला मार्गमा बन्नेछ । सुरुङको कूल लम्बाई ६८६ किलोमिटर र ९ वटा पुलको लम्बाई २६ किलोमिटरको रहनेछ । खासगरी भोटेकोशी बाढीले रेलमार्गको प्रारम्भ बिन्दुमा ठूलै क्षति पुऱ्याएको छ । यसकारण थप अध्ययनको आवश्यकता रहेको बताइन्छ ।

यो रेलवे परियोजना सन २०१९ मा चिनियाँ राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणका क्रममा भएको समझदारीअनुसार तैयार हुनथालेको हो । अहिलेको अध्ययन चीनको अनुदान सहयोगमा सम्पन्न हुनलागेको हो । कूटनीतिज्ञहरूका अनुसार यो योजनाको निर्माण चीनको बीआरआईलाई नेपालले कार्यान्वयनमा ल्याएपछिमात्र हुनसक्नेछ ।



लोकलाज र डर कतै कसैलाई केही छैन

अदालतले सुन्नैपर्ने आवाज



यो कस्तो देश भनिने परिवेश हो, जहाँ कतै कुनै सुनवाई नै छैन । कसैले कसैलाई जवाफ दिनै पर्दैन, जसले जे गरे पनि हुन्छ, रोक्ने कोही छैन । जसले जति सक्छ त्यति भ्रष्टाचार गरे हुन्छ । लोकलाज र डर कतै कसैलाई केही छैन । हाम्रा सबै चेतना निर्जीव भइसके, सबै संवेदना मरिसके । यस्तो लाग्छ, हामी सबै हिड्डुल गर्ने लाशमा अनुवाद भइसक्यौं ।'

अधिवक्ता प्रकाश वस्ती,
कानुन पत्रिकाको अंक ५ मा ।

पो.ब.नं. काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

(सांविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४

मंगलबार Tuesday
२०८३ कात्तिक १७, Nov.3 2026

८



अन्तिम पातो - शाश्वत शर्मा

सफाइ अभियानमा साथ दिनुपर्छ

०४६ सालपछिको नेपाल कस्तो बनाइएछ ? पूर्व प्रधानन्यायाधीशदेखि दुग्ध विकास संस्थानका पूर्वमहाप्रबन्धकसम्म भ्रष्टाचार, अनियमिततामा पक्राउ गर्नुपर्ने । पूर्व प्रधानमन्त्रीहरू ओली, देउवा, प्रचण्डहरूमाथि छानविन गर्न उदासिनता देखाएरमात्र हो, नत्र यी सबै जाकिन्थे । वर्तमान न्यायाधीशहरूसमेत विचौलियाको परिवन्दमा फसके भेटिए । हरेक दिन नयाँ नयाँ काण्ड र तथ्य बाहिर आउँदैछन् । नयाँ नयाँ पात्रको नियन्त्रणमा राज्यसत्ता रहेको खुलासा हुँदैछ । सुशील भट्ट, दीपक भट्टदेखि इनाम सापकोटा सत्तासँग कतिनेचमा भेटिएका छन् । यी सापकोटा पनि कस्ता ? यिनको मोबाइल र सम्पर्कहरू बाहिर आएपछि बहालवाला प्रधानन्यायाधीश, प्रहरी महानिरीक्षकसम्म त्राहीमाम । कुनै यस्तो क्षेत्र छैन, जो विकृत अवस्थामा रहेको नहोस् । होला, वर्तमान सरकारको जन्म आगजनी, खरानीबाट भएको होला, तर गत फागुन २१ को निर्वाचनमा बहुमत दिएर यो सरकारलाई ५ वर्षका लागि जनअनुमोदन भइसकेको छ । यसकारण यो सरकारको काम जनअपेक्षित हुनैपर्छ, यसकारण यो सरकारले २०४६ पछिका फोहर सफाइ गर्ने अभियान नै चलाएको छ । निजामतीदेखि सुरक्षा निकायसम्म जरा गाडेर बसेको कुडा कर्कलाई सफा गर्नु यो सरकारको अभियानलाई चुनावी मत छ, व्यवहारमा पनि जनतासँगै साथ दिनुपर्छ । पुराना दलहरू आफूमाथि कारवाही रोक्न दशैं तिहारपछि विशाल आन्दोलन गर्ने घोषणा गर्दै हिडेका छन् । त्यो आन्दोलनमा जनता जानुहुन्न, भ्रष्टाचारीमाथि कारवाहीमा जनताले साथ दिनुपर्छ ।

प्रम बालेन साह, अर्थमन्त्री वाग्लेका अभिव्यक्तिलाई बिउ बनाएर प्रतिपक्षीहरू यो सरकार ढाल्ने अनेक प्रपञ्च गरिरहेका छन् । सरकारका कमी कमजोरी जनतामा अपाच्य छन् तर सुशासनका पक्षमा सरकारले थालेको कामले यो सरकारप्रति जनआशा बढेको देखिन्छ । राष्ट्रवादका पक्षमा संवेदनशील नेपालीले सरकारमा रहेकाहरूको गम्भीर अपराध गरेको ठानेका छैनन्, कमजोरी सुधार्नुपर्ने पक्षमा रहेका छन् । अब सरकारको दायित्व हो कि कमजोरी सुधार गर, सुशासनको पक्षमा काम गर, तीव्रताका साथ काम गर । नेपालको भौगोलिक अखण्डताको संरक्षण गर्नेतिर आमनेपालीलाई विश्वास दिलाउन सक्नुपर्छ । दैनिकी काममा चुस्तता आउनुपर्छ, जनताले राहत पाउनुपर्छ । दैनिक पलायत भइरहेका युवाशक्तिलाई रोक्ने र फर्काउने योजना ल्याउनुपर्छ । सरकार हाम्रो छ, सत्ता अझै हाम्रो हातमा छैन भनेर सांसद यज्ञमणि न्यौपानेले भनेजस्तो अब सुख पाइदैन । निजामती, सुरक्षा निकाय र न्यायालयमा रहेका पुराना दलका भ्रष्ट अवशेषहरूलाई सफा गर्दै अगाडि बढ्नु यो सरकारको प्राथमिकतामा पर्नुपर्छ । राजनीतिक अपराध सफा हुनुपर्छ ।

०४६ पछिका लाउडा, धमिजादेखि अनेक भ्रष्टाचारका घटनाक्रम सार्वजनिक हुनुपर्छ, सत्यतथ्य जनताले थाहा पाउनुपर्छ । देश लुट्नेहरूले कुनै प्रकारको छुट पाउनुहुन्न । हरेक क्षेत्रमा रहेका विकृति बढानैपर्छ । स्वच्छ र निष्पक्ष शासन प्रशासन बनाउने जिम्मेवारी बालेन साहको हो । सबैले बुझे हुन्छ कि अब पुराना भ्रष्ट र अनैतिकहरूको जमान सकियो । राजनीतिक सहमति, संवादका साथ राष्ट्रध्वक्षमा राष्ट्रनिर्माताका पुस्ता स्थापित गरेर अघि बढ्दा देश बच्छ, बाँच्छ ।

बहुदल र गणतान्त्रिक लोकतन्त्रको चरित्र नाङ्गिन थाल्यो- लज्जा पनि लज्जित हुँदैछ

राजनीतिमा चरित्रको महत्व छ । चरित्र नभएको राजनीति र नालीमा कुनै भिन्नता हुनसक्दैन । यसकारण त राजनीतिलाई उत्तम समाज बदल्ने नीति मानिन्छ । उत्तम समाजसेवा भनिन्छ । तर ०४६ सालपछि बहुदल र लोकतान्त्रिक गणतन्त्रमा जति राजनीतिक नैतिकहीनता, सिद्धान्तहीनता र चरीत्रहीनता नेपालको इतिहासमा कलंकका रूपमा स्थापित हुनपुगेको छ । कहाँको अतिवादी, सर्वहारा र कम्युनिष्ट, कहाँको प्रजातान्त्रिक कांग्रेस र ससाना प्रजातन्त्रवादी पार्टीहरू सबै नै एकाकार भएको कालखण्ड थियो यो । बहुदल र लोकतन्त्र नेताहरूले लज्जा पनि लज्जित हुनेगरी शासनसत्ता चलाए । जनतामाथि ऋणको भारमाथि भार थपेर सेटिङ र भ्रष्टाचारलाई बढावा दिए । राष्ट्र र जनतामाथि यतिधेरै अन्याय गरेका रहेछन् कि त्यसैको प्रतिफल हो, जेनजी विद्रोह । विद्रोहमा जनताको साथ र गत फागुन २१ को निर्वाचनमा जनताको मौन विद्रोहयुक्त मतदान । जसले स्थापित झण्डै ८ दशक पुराना दलहरूलाई राजनीतिक किला उखेलेर पाखामा पाहा पछारेजसरी पछारिदिए । अझै यी दलहरू सुध्रिएका देखिदैनन् । अझै भ्रम छरेर नयाँपुस्ताको सरकारलाई अलोकप्रिय पार्न सकिन्छ, आफै सत्तामा पुग्न सकिन्छ भन्ने सपना देखेर राजनीतिक जालझेल गर्न थालेका छन् । नयाँ पुस्ताको सरकारले यिनको चरित्रहीनताको पर्दाफास गर्न सुरू गरिसक्दा पनि पुराना दलहरू राष्ट्र र जनताका लागि झन खतरनाक बन्न थालेको आभाष मिल्दैछ ।

१९८६ सालमा जन्मेर २०७२ सालमा बित्नु भए पनि राजेश्वर देवकोटा राजनीति र साहित्यमा जिवन्त व्यक्तित्व मानिनु हुन्छ । राजेश्वर देवकोटा जन्मेको गोर्खामा चितवनका प्रचण्ड जनप्रतिनिधि बनेर प्रधानमन्त्री समेत चलाउन पुगे । राजेश्वर देवकोटा चरित्र हुनुपर्छ भन्दै स्वच्छ राजनीति र साहित्यमा जोड दिने व्यक्ति हुनुहुन्थ्यो । यतिबेला नेपालको हरेक क्षेत्रमा चरित्रहीनता बढेर गएको छ । यसकारण उहाँको विचार र सोच शासन, सत्ता, राजनीति र प्रशासनमा रहेकाका लागि मार्गदर्शक बनोस्, उपयोगी होस् भनेर एउटा चरित्र-चिन्तन यहाँ पुनः प्रस्तुत गरिएको छ । सं.

चरित्रहीनभन्दा डरलाग्दो केही हुन्न

चरित्रका कुरा

नेपाल अहिले असाधारण संकटको भुमरीमा फसेको छ । समग्र परिस्थिति र जनताका आकांषाहरूलाई वर्तमान राजनैतिक प्रक्रिया र शासन प्रणालीबाट सम्बोधन गर्न असम्भव भइसकेको छ । बेलाबेला आन्दोलनहरू भए, परिवर्तन पनि भए तर भूलभूत रूपमा शासनका पात्र बदल्ने, उही शासन प्रणालीलाई नयाँ खोल हाल्ने सिवाय अरू केही काम भएन । त्यसले त अस्थिरता र अव्यवस्था मात्र बढायो । २०४६ को आन्दोलन होस् कि २०६३ को परिवर्तनले नेपाली समाजलाई कुनै विचार र सिद्धान्त दिएन । नेपाली जनजीवनलाई प्रभावित पार्ने र अग्रगति दिने कुनै सन्देश दिन सकेन । आशाको सञ्चार नै गराउन सकेन । अभाव, गरीवी, असमानता र भ्रष्टाचारबाट पीडित नेपाली जनता सडकमा उम्लिएर त आयो, सायद उसले आफ्नै उर्जा निभायो- आज कतै उत्साह छैन, जीवन्तता पनि छैन । नेपालीको रहेस्लहेको आत्मसम्मान पनि समाप्त पारियो- अब १२ बुंदे दिल्ली सम्झौतालाई संविधानद्वारा संस्थागत गर्ने भारी बोकेर हालको सरकार सत्ताको उकालो चढ्दैछ, देश र जनता रित्ते ओरालो लाग्दैछन् ।

यहाँ देशभक्त नेपालीहरू एकसाथ बस्न सक्ने छहारीको रूपमा राष्ट्रियताको जग बस्न पाएन, रहेसहेको जग पनि उखेलियो, नेपाली जीवनको सांस्कृतिक मर्ममा नै प्रहार भयो । यो खेल बुझ्न नसक्नेहरू र बुझेर पनि प्रतिरोध गर्न नसक्नेहरूले बाहिरी सहायता र समर्थन पाउनु स्वभाविकै थियो । यहाँ पक्ष वा प्रतपक्ष जो भए पनि दुवैथरीले गर्नुपर्ने कार्य एउटै हो, १२ बुंदे सम्झौतालाई संस्थागत गर्नु हो । यस्तै नेपालको स्वाभिमान र परिचय मेटाउने अन्य कार्य गर्नु हो । त्यो उनीरूले गर्नैपर्छ, उनले त्यसमा प्रतिवद्धता जनाइसकेका छन् । यस्तो तत्वबाट सतर्क भई राष्ट्रिय एकताको खोजी गर्नु देशभक्त नेपालीहरूको कर्तव्य हुन आएको छ । यही आजको पहिलो आवश्यकता हो । यसको खोजी भइरहेको छ । विदेशीको चंगुलमा फसिसकेकाहरू पनि यदाकदा भल्यास्स बिउँझिदा रहेछन्, यस्तो खोजी गर्दा रहेछन् । तर तिनीहरूका चरित्रले कुनै नयाँ विचारको खोजीमा तिनलाई अघि बढ्न दिदैन । ती सबै पच्छियुन् वा पन्छाइयुन् अब एक नयाँ राष्ट्रवादी शक्तिको अभिभाव हुन्छ ।

१२ बुँदे दिल्ली सम्झौता सशस्त्र संघर्षमा लागेका माओवादी र संवैधानिक राजतन्त्र मानी चलेका दुई विपरीत ध्रुवका राजनैतिक तत्वको अप्राकृतिक गठबन्धन थियो । यसे कार्य गराउन सक्नेहरूले आफ्नो शक्तिको प्रदर्शन गरे, शक्तिले प्रकृतिलाई फलदायी बनाउन सक्ने रहेनछ भन्ने बुझे कि बुझ्न बाँकी छ, यहाँ त्यसका केही पात्रहरूमा पश्चाताप पलाउँदै प्रतीत हुन्छ ।

'१२ बुँदे' त्योबदनाम सम्झौता साढे ठूलो कलंक हो, यस सम्झौताको म्याद पनि छैन, खारेज हुने प्रावधान पनि छैन । सम्झौतामा सही गर्नेहरूले त्यो दासत्वको जुआ सधैं काँधमा बोकिरहनु पर्नेछ । अब उनीहरूले त्यस सम्झौतालाई संस्थागत गर्नुपर्ने भएको छ- अर्थात् त्यस सहमतिलाई संविधानमा समावेश गर्नुपर्नेछ । वर्तमान मन्त्रिपरिषद् गठन गर्ने प्रसङ्गमा यस बुंदालाई पहिलो स्थान दिइएको पनि प्रचारित भइसकेको सर्वविदितै छ ।

नेपाललाई विदेशीको प्रच्छन्न उपनिवेश बनाउने षड्यन्त्रमा फाँसिसकेकाहरू उम्कन सक्दैनन् तर त्यस्ताहरू छन् नै कति ? ०.०१ प्रशित ? अहिले शासन हत्याउन सफल भएर ती देखिएका हुन् । ९९.०९ प्रतिशत राष्ट्रवादी नै छन् तर ती छिर्लिएर बसेका छन् । तिनमा चेतना छ, छटपटी छ तर त्यो ज्वालामुखी फुट्न सकेको छैन ।

आर्थिक पक्ष

अहिले हाम्रा दुई कर्तव्य छन्- नेपालेलाई राजनैतिक रूपले वैदेशिक प्रभावबाट मुक्त हुने र आर्थिक क्षेत्रमा पनि आत्मनिर्भर हुने उपायहरूको खोजी गर्नु ।

२०४७ सालमा बहुदलीय सरकार बनेपछि निजीकरणका नाममा देशको राष्ट्रिय अर्थतन्त्रमा यहाँका तत्कालीन शासकहरू जानेर वा नजानेर स्वार्थवश फसे, त्यहींबाट राष्ट्रिय अर्थतन्त्र ओरालो मात्र लागेन, त्यसले बाटो नै उल्टो लियो । भएका उद्योग बेचिए वा बन्द भए । नयाँ उद्योगको स्थापना भएन, स्वभावतः बेरोजगारी बढ्यो, श्रम विदेश पलायन भयो । नक्कली अर्थतन्त्रको बलमा नेपाल धर्मराउँदै पनि धानिएको जस्तो देखिएको छ ।

देशमा शान्ति, स्थिरता र आर्थिक विकासको अवस्था सिर्जना गर्नका लागि जलस्रोत, कृषि, वन-वनस्पति, पशुपालन र पर्यटनजस्ता स्वदेशी स्रोतसाधनमा आधारित अर्थतन्त्र निर्माण गर्ने प्रतिवद्धता प्रकट गर्दै स्वदेशी पूंजी र जनशक्तिको क्षमताभित्रका विकास निर्माणका योजनामा विदेशी पूंजीको प्रवेशमा रोक लगाउने र नेपालीहरूले उत्पादन गरेका उपभोग्य सामग्रीहरूलाई प्रतिस्थापन गर्ने विदेशी सामानको आयातमा रोक लगाउन सक्ने अवस्था सिर्जना गर्नुपर्नेछ ।

राजनीतिक पक्ष

विदेशी जनसंख्याको अतिक्रमण कमजोर देशहरूको सबैभन्दा ठूलो समस्याहरूको रूपमा विकसित हुँदै गएको छ । नेपालमा पनि षड्यन्त्रपूर्वक बढाइएको नक्कली नागरिकताको समस्या राष्ट्रियताको मर्ममा घात पुऱ्याउने चुरो समस्याको रूपमा विकसित भएको छ । तसर्थ, देशको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतालाई सुदृढ गर्नका लागि २०६८ सालमा ८दलका नाममा सहमति गरिएको र पछि अन्तरिम संविधानमा सामेल गरिएको 'जन्म' का आधारमा नागरिकता ऐन र त्यसको आडमा वितरण गरिएका तथा किनबेचका सबै नक्कली नागरिकताहरू बिनाशर्त खारेज गरी कृत्रिम जनसंख्या संकुमणको मुख्य स्रोतका रूपमा रहेको भारतसँगको खुला सिमाना बन्द गरीसीमारेखालाई अद्यावधिक गर्नुपर्नेछ ।

यहाँका शासकहरूको सत्तालिप्सा र अयोग्यताका कारणले बाह्य शक्तिद्वारा लामो समयदेखि नेपालमाथि अपमानजनक प्रकृतिका द्विपक्षीय सन्धि सम्झौताहरू थोपरिएका छन्, जो देशकोसार्वभौम अस्तित्व, स्वाभिमान र उन्नतिका दिशामा सबैभन्दा ठूला बाधाका रूपमा रहँदै आएका छन् । यस प्रकारका सन्धि सम्झौताहरूलाई राष्ट्रिय हित अनुकूल परिमार्जन गर्नुपर्ने भएको छ । जुनसुकै ठाउँका लागि जस्तोसुकै प्रकारका भए पनि सनातन रूपमा विकास भएका संस्कृति र सभ्यताले नै समाज र राष्ट्रलाई जीवन्त बनाएर मानव जातिलाई पशु जगतबाट अलग्याएका हुन्छन् । राष्ट्रियता जीवन्त राख्नका लागि यहाँका सबै सनातन धर्म-संकृति र सभ्यताहरूको जगेर्ना एवं विकास गर्दै राष्ट्र निर्माणमा योगदान दिने सबै देनहरूलाई सकारात्मक रूपमा ग्रहण गरिनुपर्छ ।



